जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४८, २०७४ साल चैत ९ गते शुक्रबार, नेपाल संवत् ११३८ (March. 23, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सरुवामा नजानेको हाजिरी रोक्का

काठमाडौं । श्रम तथा रोजगारमन्त्री गोकर्ण बिष्टले दरबन्दीमा रहेका बाहेकका कुनै पनि कर्मचारीलाई वैदेशिक रोजगार विभागमा हाजिर नगराउन निर्देशन दिएका छन् ।

विभागबाट सरुवा हुन अस्वीकार गर्दै दरबन्दीभन्दा बढी कर्मचारी बसेको पाइएपछि बिष्टले दरबन्दीविना नै विभागमा बसिरहेका कुनै कर्मचारीको हाजिरी रोक्न निर्देशन दिएको स्रोतले जनाएको छ । **बाँकी ८ पेजमा**

## घुससहित अधिकृत पक्राउ

काठमाडौं । घरेलु तथा साना उद्योग कार्यालय त्रिपुरेश्वरकी शाखा अधिकृत इन्दिरा गौतम (खनाल) पक्राउ परेकी छन् । उनलाई घरेलु उद्योग दर्ता गर्न लिएको ९ हजार रुपैयाँ घुससहित बुधबार कार्यकक्षबाटै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको हो ।

काठमाडौं हिडेन ट्रेजर नामको सिलाई बुनाई गार्मेन्ट उद्योग दर्ताका लागि आएका सेवाग्राहीलाई गार्मेन्टको नाम अंग्रेजीमा भएको हुँदा नेपालीमा चाहिन्छ भनी घुस मागेको अख्तियारले जनाएको छ ।

# माले संगठन सुदृढीकरणतर्फ

## राष्ट्रिय परिषद् अधिवेशन सम्पन्न

तुलसीपुर दाङ । नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को राष्ट्रिय परिषद्को अधिवेशन दाङको तुलसीपुर र घोराहीमा तीन दिनसम्म कार्यक्रम गरी पार्टीलाई फेरि उठाउने दृढ संकल्पका साथ सम्पन्न भएको छ । स्थानीय तहदेखि केन्द्रसम्मको संसदीय भूमिकाबाट बाहिरिएको माले अहिले लगातार कार्यक्रमहरु गर्दै संगठन सुदृढीकरणतर्फ अगाडि बढेको छ । यसै सन्दर्भमा मालेले दाङमा सफलताका साथ राष्ट्रिय परिषद् अधिवेशन सम्पन्न गरी पार्टीमा नयाँ ऊर्जा सञ्चार गराएको छ ।

चैत १ गते बिहान घोराहीमा मुलुकभरबाट प्रतिनिधित्व गर्ने दुई सय जनाभन्दा बढी प्रतिनिधि पर्यवेक्षकहरुको अगुवाई गर्दै महासचिव सीपी मैनालीले प्रथम सहिद लखन थापाको सालिकमा माल्यार्पण गरेपछि अधिवेशनका कार्यक्रमहरुको थालनी गरिएको थियो । महासचिव मैनालीले लखन थापाको प्रतिमा स्थलमा छोटो मन्तव्य दिँदै लखन थापा जस्ता वीर नेपालीको अहिले पनि उत्तिकै खाँचो रहेको र सम्पूर्ण देशभक्त नेपाली एकै ठाउँ उभिँदा मात्र मुलुकको राष्ट्रियता सुदृढ बन्ने र देशको रक्षा हुने बताउनुभयो ।

सहिद लखन थापाको प्रतिमा स्थलको संक्षिप्त कार्यक्रमपछि तुलसीपुर जाने बाटोमा पर्ने ज्येष्ठ नागरिक सरोकार केन्द्रमा सम्पूर्ण प्रतिनिधिसहित महासचिव मैनाली पनि पुग्नुभएको थियो । 'द्रुपद कुमारी लोहनी लक्ष्मीनारायण वृद्धाश्रम' समेत रहेको ज्येष्ठ नागरिक केन्द्रका अध्यक्ष भूपाल गिरीले महासचिव मैनालीलाई स्वागत गर्नुभएको थियो । केन्द्रको सभाहलमा सम्बोधन गर्दै मैनालीले ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित गराउने काममा आफू र आफ्नो पार्टीले सहयोग पुऱ्याउने बताउनुभयो । आश्रममा बसेका ज्येष्ठ नागरिकहरुलाई फलफूल वितरण गर्दै महासचिव मैनालीले सबैसँग भेटघाट गर्नुभएको थियो । आश्रमको कार्यक्रमपछि सम्पूर्ण सहभागीहरु तुलसीपुर पुगेपछि भव्य जुलुसमा परिणत भई नगर परिक्रमापछि पार्टी प्यालेसको हलमा उद्घाटन सत्रको औपचारिक कार्यक्रम आरम्भ गरिएको थियो ।

महासचिव मैनालीले उद्घाटन मन्तव्य प्रस्तुत गर्दै नेकपा माले र नेपाली जनताको प्रेम गाढा भएर जाने विश्वास व्यक्त गर्नुभयो । उहाँले कार्यक्रममा प्रस्तुत भएको टप्का नाचको





प्रस्तुतिअघि गीत बजाउँदा प्राविधिक कमजोरी भएका कारण पटक पटक भएको अवरोध र त्यसपछि राम्रो ढंगले गीत र नृत्य प्रस्तुत भएको दृष्टान्तलाई जोडेर मैनालीले माले पार्टीले पनि विभिन्न खाले अवरोध पटक पटक झेलिसकेकाले अब भने जनता र मालेबीचको तार बिना अवरोध राम्रोसँग जोडिने बताउनुभयो । उहाँले दुईतिहाईको नेतृत्व गर्ने सरकारका प्रधानमन्त्री केपी ओलीले सरकारलाई पूर्णता दिन गरेको ढिलाइप्रति प्रश्न गर्नुभएको थियो । त्यसैगरी केपी ओली तराईका समस्याबाट भाग्न चाहन्छन् भन्दै तराईका जनताले पहिचान खोजे पनि मधेसी नेताहरु त्यसको गलत व्याख्या गर्दै झापाबाट कञ्चनपुरसम्म एक मधेस प्रदेश हुँदा पहिचान हुने ठान्छन्, त्यो गलत हो । तराई मधेसका भूभागमा सिंगो नेपालका जातिको बसोबास भएको र सबै जातिका मानिस बसेको ठाउँलाई एउटै प्रदेश बनाउँदा कसरी पहिचान हुन्छ भन्दै उहाँले प्रश्न गर्नुभयो । एउटै प्रदेश बनाउँदा मात्र पहिचान हुने होइन, आफ्नो भाषा, धर्म, संस्कृति, संस्कारका लागि खोजिएको पहिचानलाई भूगोलसँग जोडेर जाली कुरा गर्न पाइँदैन ।

एउटा आयोग बनाएर सबैको पहिचान स्पष्ट रुपमा संविधानमा लेखिँदा मात्र पहिचान कायम हुन्छ भन्दै मैनालीले जातीय नामधारी प्रदेश र तराईको मात्र अलग प्रदेश बनाउने कुरा गलत हुन् । कुनै पनि जातिको प्रदेश बन्ने भूगोलमा बहुमत छैन भन्नुभयो । पहिचानको नाममा भूलबस पनि हामीले पहाड र तराईको अलग अलग प्रदेश बनायौं भने दुई शक्ति राष्ट्रको तानातानमा देश क्रिमिया जस्तो भएर च्यातिन सक्ने खतरा भएकाले त्यसतर्फ सोच्ने मूर्ख बुद्धि नगर्न नेताहरुलाई उहाँले सुझाव दिनुभयो । उत्तर दक्षिण जोड्ने प्रदेश अथवा ५ विकास क्षेत्रको पाँच प्रदेश उपयुक्त हुने उहाँको सुझाव थियो ।

राष्ट्रियताको सवालमा **बाँकी ८ पेजमा**

# कृषिमा आमूल परिवर्तनको खाँचो



काठमाडौं । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री चक्रपाणि खनालले तीन वर्षभित्रै कृषिजन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउने उद्घोष गरेका छन् । मन्त्री खनालले पाँच वर्षभित्रमा कृषिका अर्गानिक उत्पादन निर्यात गर्न सकिने समेत बताए । उनले कृषि क्षेत्र घिस्रिरहेको र कृषिजन्य उत्पादन आयात र खरिद मात्र भएको प्रति चिन्ता व्यक्त गरे । उनले कृषिलाई आधुनिकीकरणको खाँचो भएको बताए ।

मन्त्री खनालले बताएझैं मुलुकको कृषि क्षेत्र अत्यन्तै अस्तव्यस्त अवस्थाबाट गुज्रिरहेको छ । कृषि विकासका लागि सरकारले अहिलेसम्म ल्याएका कार्यक्रम र यस क्षेत्रको विकासमा गरिएका प्रयास कमजोर भएकै कारण कृषि क्षेत्रले आशातित सफलता हासिल गर्न सकेन ।

कृषि क्षेत्रको वृद्धिदर निकै नै कमजोर छ । गत २० वर्षमा मुलुकको कृषि क्षेत्रको केवल १.३ प्रतिशत मात्र रहेको छ । कृषि क्षेत्रले कुनै बेला गार्हस्थ उत्पादनको ४८ प्रतिशतसम्म हिस्सा ओगट्ने गरेकोमा अहिले संकुचन भएर ३० प्रतिशतको हाराहारीमा झरेको छ ।

कृषिमा सबैभन्दा ठूलो समस्या सिंचाइको रहेको छ । आकाशे पानीमा बढी भर पर्नुपर्ने कृषि प्रणालीले गर्दा यस क्षेत्रको वृद्धिदर मौसममा भर पर्ने गरेको छ । देशको झन्डै ६७ प्रतिशत जनसंख्याको हिस्सा कृषिमा आधारित छ । कृषि भूमिको अभाव भएको पनि होइन । बरु अहिले जग्गा जमिन बाँझिने क्रम बढेको छ । कमजोर उत्पादकत्व भएका कारण कृषि **बाँकी ८ पेजमा**

# अब विदेशबाटै कामदारको मतदान

काठमाडौं । वैदेशिक रोजगारका क्रममा विदेशमा रहेका नेपाली कामदारहरूले अब आफू कार्यरत देशबाटै मतदान गर्न पाउने भएका छन् ।

वैदेशिक रोजगारका क्रममा विदेशमा रहेका नेपाली कामदारहरूको मतदानको हक सुनिश्चित गर्न र सो को लागि मुलुक बाहिरबाट समेत मतदान गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नुपर्ने लगायतको माग लिएर सामाजिक न्यायको लागि कानुन नीति नियम मञ्चले सर्वोच्च अदालतमा २०७३ वैशाख १४ गते निवेदन दर्ता गराएको थियो ।

सर्वोच्चले उक्त निवेदनको पक्षमा बुधबार निर्देशनात्मक आदेश जारी गरेसँगै विदेशमा रहेका नेपाली कामदारले कार्यस्थलबाटै मतदान गर्न पाउने भएका हुन् । निर्देशनात्मक आदेशमा भनिएको छ- वैदेशिक **बाँकी ८ पेजमा**

# उपद्रो मच्चाउने षड्यन्त्र गर्दै ईयु

काठमाडौं । युरोपियन युनियनले करोडौं डलर खन्याएर नेपालमा भाँडभैलो मच्चाएको विगत कसैले भुलेको छैन । विभिन्न जातजातिलाई उचालेर नेपालमा विखण्डनको बिउ रोपेर मलजल गर्ने हुर्काउने काममा ईयुले खेलेको भूमिका खेदजनक थियो । ईयु जस्ता अन्तर्राष्ट्रिय शक्तिहरुको बहकाउमा नेपालका नेताहरु हिँडेकै कारण पहिलो संविधानसभा तुहिन पुगेको घामजत्तिकै छर्लंग छ । नेपालमा इसाइकरण गर्ने, मिलेर बसेको सामाजिक सन्तुलन खलबल्याउने काममा ईयुले गम्भीर र आपत्तिजनक भूमिका निर्वाह गरिसकेको छ ।

यसैबीच युरोपियन युनियनले सरकारलाई बुझाएको निर्वाचन पर्यवेक्षण प्रतिवेदन विवादित बनेको छ । गत १० र २१ मंसिरमा सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन पर्यवेक्षण प्रतिवेदनको सुरुमै युनियनले खस आर्य आरक्षण खारेज गर्न सुझाव दिएको छ ।

निर्वाचन पर्यवेक्षण मिसनका प्रमुख तथा युरोपियन पार्लियामेन्टका सदस्य जेलजना जोभ्को नेतृत्वको टोलीले तयार पारेको प्रतिवेदनमाथि सरकारले गम्भीर ध्यानाकर्षण भएको भन्दै परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरेको छ । परराष्ट्रको विज्ञप्तिमा ईयुको पर्यवेक्षण मिसनका केही सुझावहरुले सहज, शान्तिपूर्ण र निष्पक्ष निर्वाचनको सफलतालाई **बाँकी ८ पेजमा**

# पहिलो दिनको एसईई शान्तिपूर्ण



काठमाडौं । माध्यमिक शिक्षाको एसईई परीक्षा बिहीबारबाट सुरु भएको छ । माध्यमिक शिक्षाबाट प्लस टुतर्फ फाइला चाल्ने महत्वपूर्ण खुड्किलाका रुपमा रहेको परीक्षालाई पहिला पहिला आइरन गेट भन्ने गरिन्थ्यो । अहिले एसएलसीबाट एसईई भएको र लेटर ग्रेडिङ प्रणालीबाट प्रायः सबैलाई पास गराउने परिपाटी ल्याइएकाले यसको पुरानो फलामे ढोकाकालीन चर्चा पनि सेलाउन थालेको छ ।

परीक्षा नियन्त्रण कार्यालयका अनुसार मुलुकभरका १ हजार ९५६ परीक्षा केन्द्रहरुमा ४ लाख ८५ हजार ५८६ जना परीक्षार्थीहरुले परीक्षा दिएका छन् । बिहान ८ देखि ११ बजेसम्म पहिलो दिनको अंग्रेजी विषयको परीक्षा देशभर शान्तिपूर्ण रुपमा सञ्चालन भएको छ । परीक्षा नियन्त्रक अम्बिकाप्रसाद रेग्मीका अनुसार परीक्षाको लागि प्रत्येक केन्द्रमा १ जना केन्द्राध्यक्ष, २ हजार ४५० सहायक केन्द्राध्यक्ष, २० हजार ३४० निरीक्षक, १० हजार ६७६ सहयोगी र २९ हजार ३४० सुरक्षाकर्मी गरी जम्मा ६४ हजार ७६२ जनशक्ति परिचालित छन् । क्यारिएर छनौटको लागि महत्वपूर्ण खट्किलाका रुपमा रहेको एसईई परीक्षाको प्राप्त नतिजाकै आधारमा विद्यार्थीहरुले चाहेको विषयमा भर्ना हुन पाउँछन् ।

# गर्मी मौसम र खाद्य विषाक्त अवस्था

■ **सुरेश खतिवडा**



बिर्तामोडका व्यावसायी ओम दवाडी कार्यव्यस्तताले खाना खान घर नगई नजिकैको ठेलाबाट खाजा मगाएर खाएको केही बेरमा नै टाउको दुख्ने, शरीर गल्ने, रिगंटा लागे जस्तो हुने भएपछि आफ्नै अटो पार्ट्समा आलस्यझैँ बने । सहयोगी र छिमेकी मिलेर नजिकै हस्पिटलको आकस्मिक कक्षमा लगे । जाँच पड्ताल गराए । जाँच्ने डाक्टर प्रमोदकुमार साहले अन्त्यमा उनलाई फुड पोइजन भएको निष्कर्षसहित उपचार गरे । दवाडी यो चैत्र महिनामा नै यही समस्याले आउने बिरामीहरुमध्येका तेह्रौं नम्बरका डा. प्रमोदको बिरामी बने...!



यी दवाडी र डा. साह त यहाँ उदाहरण मात्र हुन् । अहिले सबै हस्पिटल र क्लिनिकहरु त्यस्ता बिरामीबाट शायदै अछुतो होलान् । मौसम तात्दै गएको छ । सुख्खा, तातो अनि धुवाँ धूलोसहित हुरी चल्ने क्रम गत वर्षभन्दा चाँडै सुरु भएको महसुस हुन लागेको छ । सँगसँगै विभिन्न प्रकारका परजीविजन्य, विषाणु र जीवाणुजन्य सरुवा रोगहरुको संक्रमण बढ्दै गइरहेको छ । यो गर्मी मौसममा छालामा फंगसका कारण हुने समस्याहरु, भाइरल ज्वरो, आँखा पाक्ने, भाइरल डाइरिया, टाइफाइड, हैजा जस्ता तुरुन्त समस्यामा पारिहाल्ने रोगहरु देखापर्छन् ।

विशेष गरेर खानपिनमा ध्यान नदिँदा हुने समस्याहरु नै यस मौसमका जटिलताहरु हुन् । यस्ता समस्याहरुमध्ये खाद्य विषाक्त अवस्था पनि खानपिनको हेलचेक्र्याइँबाट हुने यस्तो स्वास्थ्य समस्या हो जसले छोटो समयमा नै मानिसलाई सिकिस्त बनाउँछ ।

**के हो त खाद्य विषाक्त अवस्था अथवा फुड पोइजनिक ?**

खाद्य विषाक्त अवस्था यस्तो बिरामीपनको अवस्था हो जसमा असुरक्षित खानेकुरा निलेको वा कुनै पेय पदार्थ पिएको केही **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# महिला र बालिकामाथि हुने दुर्व्यवहार रोकौं

हिजोआज दिनहुँ सञ्चारमाध्यमहरूमा महिला र साना बालिकामाथि भइरहेका हिंसाजन्य घटना र बलात्कार जस्ता अमानवीय घटनाका समाचारहरू ठूलो संख्यामा आइरहेका छन् । महिला र साना बालिकाहरूमाथि भइरहेका पाशविक घटनाले समाजलाई त्रसित र आतंकित बनाइरहेको छ । गत सोमबार मात्र ललितपुरको वाग्मती गाउँपालिका ४ प्युटारकी एक सात वर्षीय बालिका बलात्कारको सिकार भएकी छन् । त्यसैगरी सुन्दर हरैंचा नगरपालिका ७ की ११ वर्षीय बालिका पनि सोमबार राति आफ्नै घरमा बलात्कृत भएकी छन् । पीडित बालिकालाई मानसिक र शारीरिक रूपमा विक्षिप्त अवस्थामा फेला पारी उद्धार गरेर उपचार भइरहेको छ ।

यसै हप्ता भएका यी फरक फरक ठाउँका घटनाले बालिकालाई मुलुकभर नै अपराधीको पञ्जाबाट जोगाउन गम्भीर समस्या उत्पन्न भइरहेको स्पष्ट हुन्छ । बालिका मात्र होइन, युवती, जवान महिला र वृद्ध आमा सरहका महिलाहरू पनि यौनजन्य हिंसामा पर्ने गरेका समाचार थुप्रै आउने गरेका छन् । कतिपय यस्ता घटना बदनाम हुने डरले भित्रभित्रै गुम्स्याएर राख्ने र प्रचारमा नल्याई सामान्य ढंगले मेलमिलापमा टुंग्याउने गरेको पनि पाइन्छ । महिला, बालबालिकामाथि हुने यौनजन्य हिंसाका घटनामा प्रायःजसो आफन्त, छरछिमेकी र चिनेजानेकै व्यक्ति संलग्न हुने गरेका छन् । घटनामा संलग्न अपराधीहरू जाँड, रक्सी र लागूपदार्थको दुर्व्यसनमा संलग्न व्यक्तिहरू हुने गरेको प्रहरी अनुसन्धानमा भेटिने गरेको छ । यस्ता घटनामा संलग्न अपराधीहरूलाई कानुनअनुसार कडाभन्दा कडा दण्ड सजायको भागिदार बनाउनुपर्नेमा पीडित पक्षसँग मेलमिलाप गरेर, सामान्य क्षतिपूर्ति तिरेर अपराधीहरू उम्कने गरेका छन् । त्यसैगरी राजनीतिक दबाब र विभिन्न प्रलोभन, धाक, धम्कीका कारण पनि घटनालाई ढाकछोप गर्ने र पीडकलाई जोगाउने गरेको पाइन्छ ।

राजधानीको मुटु मानिने दरबारमार्गको एउटा होटलमा भएको सामूहिक बलात्कारको घटना ढाकछोपमा प्रहरीसमेत संलग्न रहेको विषयले ठूलै हंगामा मच्चिएको थियो । महिला हिंसाका अपराधी चाहे जोसुकै भए पनि कानुनको कठघरामा उभ्याउन जरूरी छ । यौनजन्य हिंसाका घटनामा झन्डै ७० प्रतिशत केसमा आफन्तहरू नै अपराधीको रूपमा संलग्न भएका हुन्छन् । बाँकी २० प्रतिशत छरछिमेकी र १० प्रतिशत टाढाका व्यक्ति संलग्न हुने गरेको प्रहरीको अनुसन्धानमा समेत देखिएको छ । यसबाट के स्पष्ट हुन्छ भने अपराधी आफ्नै घरभित्र, आफन्त नातागोताभित्र र छरछिमेकमै रहेका हुन्छन् । घटनामा आफन्त र चिनजानकै व्यक्ति बढीजसो संलग्न हुने भएकाले गम्भीर प्रकृतिका घटना समेत मेलमिलापको नाममा ढाकछोप हुने गरेकाले यस्ता अपराधीलाई थप प्रोत्साहन मिल्ने गरेको पाइन्छ ।

बलात्कारका अतिरिक्त महिलामाथि विभिन्न खाले हिंसा हुने गरेका छन् । बोक्सीको आरोपमा कुटपिट गर्ने, अनुहारमा एसिड छ्यापिदिने, घरेलु हिंसामा आगो लगाएर मार्ने मात्र नभएर प्रेम प्रस्ताव अस्वीकार गर्दा तातो घिउ अनुहारमा खन्याएका घटनासम्म पनि सार्वजनिक भएका छन् । जनकपुरको वकिल टोलमा आफ्नै बाबुआमाले कलेज पढ्ने छोरी मारेको जस्ता अत्यन्तै अमानवीय र गम्भीर प्रकृतिका घटना मिडियामा आउँदा हाम्रो समाज अहिले पनि बर्बर जंगली अवस्थाबाट मुक्त हुन नसकेको प्रतीत हुन्छ । महिला, बालबालिकामाथि जुनसुकै जस्तोसुकै हिंसा भए पनि कानुनी कारबाहीको दायरामा नल्याई उन्मुक्ति दिनु हुँदैन । अझ कडा कानुन बनाउनु परे पनि कानुन बनाई अपराधीहरूलाई दण्डको भागिदार बनाएको खण्डमा अपराध न्यूनीकरण भएर जाने छन् । त्यसैगरी घटना हुनबाट जोगाउन सचेतना कार्यक्रमहरू समेत गर्न आवश्यक छ ।

# अबको जनक्रान्ति : राष्ट्रघात विरुद्ध



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

नेपाली जनताको प्रतिनिधिको प्रचण्ड बहुमतले संविधानसभाले बनाएको संविधान पूर्णरुपमा कार्यान्वयनमा आएको छ । यस संविधानसँग विमति राख्नेहरुले संसदमा दुईतिहाइ पुऱ्याई यसको संसोधन गर्न सक्ने व्यवस्था भएको हुँदा अब विवाद गर्ने दिन गएको छ । अबको कार्य भनेको राष्ट्रघातीहरुलाई गिंड्दै पर्यावरण मैत्री आर्थिक समृद्धि हासिल गर्नु हो । तसर्थ अब हुने क्रान्ति राजनीतिक हुनेवाला छैन बल्की राष्ट्रघात विरुद्ध लक्षित हुने छ ।

२००७ सालमा राणाशाही विरुद्ध भनिएको क्रान्तिको सबैभन्दा ठूलो फाइदा भारत, राजा अनि कांग्रेसहरुले उठाए । यसले भारतसँग विशेष सम्बन्ध स्थापित गऱ्यो जसको नाममा राजाको प्रमुख सल्लाहकार भारतीय रहने र नेपाल सरकारको क्याबिनेटको बैठकमा भारतीय राजदुत रहने व्यवस्था भयो ।


२०१७ सालमा कू गरेर राजा महेन्द्रले पंचायत व्यवस्था लागु गरे । त्यसबेला दुबै छिमेकी भारत र चीन युद्धमा होमिएका थिए । राजा महेन्द्रको कदमको विरोध गर्दा चिनियाँ सेना नेपाल हुँदै भारत पस्ला भन्ने डरले पंचायत व्यवस्थालाई भारतले मान्यो । राजा महेन्द्रले त्यही मौकामा कोदारी राजमार्ग खोली चीनसँग प्रत्यक्ष यातायातको सम्बन्ध जोडेपछि त हो न हो राजा महेन्द्र साँच्चैको राष्ट्रवादी रहेछन् भन्ने पऱ्यो । तर पंचायतलाई स्थायित्व दिन दीर्घकालीन रुपमै भारतसँग सम्बन्ध राम्रो हुनुपर्ने बुझेर होला उनले सन् १९६५मा सरदार यदुनाथ खनाललाई सुटुक्क भारत पठाइ भारतसँग राष्ट्रघाती सैनिक सम्झौता गरेका रहेछन् जसअनुरुप नेपालले हातहतियार, सैनिक पोसाक टोपी, पेटी जुत्ता सबै चिज भारतबाट मात्रै किन्नुपर्ने ब्यवस्था भई नेपालको हैसियतलाई भुटानको हैसियतमा झारेका रहेछन् । यही कारण पंचायत ३० वर्ष टिकेको रहेछ । भनाइको मतलव राजा महेन्द्रको १७ सालको कदमबाट पनि ठूलो फाइदा भारतले नै उठाएको रहेछ ।

पाकिस्तानलाई विखण्डन गरी स्वतन्त्र बंगलादेश बनाउन र सिक्किमलाई भारतमा विलय गराउन इन्दिरा गान्धि सफल भएपछि सन् १९६५ को गोप्य सैनिक सम्बन्धबारे अनभिज्ञ युवराज वीरेन्द्र राजा भएपछि उनले अन्तर्राष्ट्रिय जगतमा भारतलाई एक्लाउने उद्देश्यले नेपालको शान्तिक्षेत्र प्रस्ताव अघि सारे जसलाई भारत र सोभियत संघबाहेक विश्वका ११६ राष्ट्रहरुले समर्थन गरेपछि राजा वीरेन्द्र भारतको आँखामा कसिंगर बन्न पुगे । जसको फलस्वरुप २०४६ मा भारतले नेपालमाथि आर्थिक नाकाबन्दी लगायो । राजा वीरेन्द्र र उनका प्रधानमन्त्री मरिचमान सिंहले त्यसको डटेर सामना गरेपछि भारत अत्तालियो र नेपालका प्रतिबन्धित राजनीतिक दलहरुलाई उचालेर उसले आन्दोलन गर्न लगायो । भारतका अगाडि घुँडा नटेक्ने राजा वीरेन्द्रले शाही घोषणा गरी जनतालाई बहुदलीय ब्यवस्था दिए । यस परिवर्तनबाट पनि भारतले नै फाइदा उठायो । विश्वका ११६ राष्ट्रले मानेको शान्तिक्षेत्रको प्रस्ताव एकाएक गायव भयो भने आन्दोलन पछि प्रधानमन्त्री बनेका कृष्णप्रसाद भट्टराईले भारत गई नेपालका सबै नदीनालाहरु साझा हुन् भन्दै त्यस्तो विज्ञप्तिमा हस्ताक्षर ठोकिदिए ।

२०४७ सालमा नेपालमा बहुदलीय ब्यवस्था कायम भई राजा संवैधानिक भएपछि भारतले नेपालमा रहेका १ करोड आप्रवासी भारतीयहरुलाई नेपाली नागरिकता दिन दबाब दिन थाल्यो । भारतका कठपुतली कांग्रेस एमाले जस्ता दलहरुले तिनीहरुलाई नागरिकता दिने विधेयक पास गरी लालमोहर लगाउन राजासमक्ष पुऱ्याए तर राजा वीरेन्द्रले नेपाललाई फिजी बनाउन सक्ने त्यस्तो विधेयकमा लालमोहर नलगाई रायको लागि भन्दै सर्वोच्च अदालत पठाइ दिन थालेपछि भारत राजा वीरेन्द्रसँग झनै चिढियो । अनि उसले नेपालबाट राजसंस्थालाई सदाको लागि विदा दिने उद्देश्य राखी नेपालको माओवादी आन्दोलनलाई मलजल गर्न थाल्यो । आफ्नै देशको माओवादी आन्दोलन दबाउन नसक्ने भारतले नेपालका माओवादीको उत्थान गर्न लाग्नुको पछाडि स्वार्थ भनेकै नेपालबाट राजतन्त्र खतम गर्नु थियो । माओवादी आन्दोलन उत्कर्षमा पुगेकै अवस्थामा भारतले षडयन्त्र गरी राजा वीरेन्द्रको वंश विनाश गरी नयाँ भएका राजा ज्ञानेन्द्रलाई पनि नागरिकता विधेयकमा लालमोहर लगाउन दबाब दिन थाल्यो । तर दाजुले जस्तै ज्ञानेन्द्रले पनि नागरिकता विधेयकमा हस्ताक्षर गर्न नमानी बरु ठीक त्यसको विपरीत नेपालमा भएको दलाई लामाको कार्यालय बन्द गराउने र चीनलाई सार्कमा ल्याउनुपर्ने अडान राख्न थालेपछि भारतले माओवादीलगायत सबै दलहरुलाई दिल्ली बोलाइ १२ बुँदे सम्झौतामा हस्ताक्षर गर्न लगायो जसको फलस्वरुप नेपालमा राजतन्त्रको अन्त्य भयो र १२ बुँदेमा हस्ताक्षर गर्ने माओवादी, एमाले र नेपाली कांग्रेसले नागरिकता विधेयक पास गरी १ करोडमध्ये ६३ लाख भारतीयहरुलाई पहिलो चरणमा नागरिकता दिन भ्याए । यसप्रकार २०६३ को आन्दोलनबाट पनि सबैभन्दा बढी भारतले फाइदा उठायो र यही कारण नेपाल अब फिजी हुने वा नेपालबाट तराई विखण्डन हुने समस्याबाट गुज्रँदै छ ।

नेपाली जनताले भने हरेक पटकको आन्दोलनमा सहभागिता जनाए तर हरेक आन्दोलनबाट एकलौटि रुपमा भारतले फाइदा लिएपछि अब नेपाल भने राष्ट्र रहने कि नरहने भन्ने दोसाँधमा आइपुगेको छ । तसर्थ अब नेपाललाई जोगाउने हो भने विगतका आन्दोलनको विपरीत शुद्ध राष्ट्रवादी आन्दोलनको खाँचो छ जसले नेपाललाई विखण्डन गर्दै भारतमा लगेर विलय गराउने कुत्सित भारतीय इरादालाई भण्डाफोर गर्न र नेपालको स्वतन्त्रतालाई अक्षुण्ण राख्न सकोस् । तसर्थ अबको जनक्रान्ति भनेकै राष्ट्रघात विरुद्धको हो जसको शतप्रतिसत फाइदा नेपाल राष्ट्र र नेपाली जनताले पाउन् ।

# कहर काट्नैपर्ने दु:खहरू



**जगदीश लामिछाने**
रौतहट, पौराई

गएको यही स्तम्भ लेखको ठीक गएकै दुई लगातार अंक (१७९ र १८०) 'प्रसंग नारीको : हित सबैको' शीर्षक र त्यस अघि पनि महिला अर्थात् पुजनीया शक्तिको विचार भएकै हो । शिक्षा विषयमा नै हिमवत्खण्ड वैदिक समेत अध्ययनमा महिला ज्ञानी हुन सक्छन् पुरुषले पनि सहयोग गरौं दु:खको व्याख्या अब जयन्ती मंगला...कै किसिमले नारीले सरस्वती रुपमा देखिए यो विश्व राम्रो हुँदो हो भनी नारीको कहर अब घटाऔं । दु:ख छ, त्यहाँ निदान पनि छ भन्ने अभिलाषा प्रकट भए पनि नारी वर्गीय कहर पनि छुँदैछ ।

यत्ति मात्र कहर काट्नैपर्ने दु:खहरु मात्र छैनन् नेपाली 'कहर' शब्द त लगातार कष्ट परिरहने भाव जनाउने नै हो । नेपाली नै विश्वमा शरणार्थी भएर भाग्नैपर्ने स्वदेशबाट नभए पनि युगयुगका विदेशका प्रमुख शरणार्थी नेपालमै पालेकै हो । भाग्यले नेपाली आफैंमा त्यो परेको थिएन । २०५२ देखि २०६२ सम्म नेपालीलाई आफ्नै देशभित्र भागाभाग आफ्नै नेपाली नेताहरुले विदेश भारत बसेर गराइरहे । ती नेताहरुलाई नेपालका तराईसहितका ७ दल मिलेर नेपालमै ल्याई उनीहरुलाई प्रधानमन्त्री र मन्त्रीहरु दिएर बल्ल समाधान गर्दैछन्, त्यो कहर सकिएको छैन । त्यो कहरको मूल स्रोत २००७ सालको अन्तरिम संविधानमा रहेको श्री ५ त्रिभुवनको दिल्ली बसाईको पलायन चिनु नै 'संविधान सभा' भन्ने दुई शब्द नै हुन् । त्यसबखत १९९७ वि.सं.का ४ सहिद खलक तथा नेता टंकप्रसाद आदिसँग मिलाप गरिएको थिएन । यसै दुर्भाग्यलाई प्रजातन्त्रवादी र २०१५ सालमा जित्ने तथा जिताउने वामपन्थीले उचाली रहे । यो कुराको सुइँको काठमाडौं आएपछि श्री ५ त्रिभुवनले नै बुझे । श्री ५ महेन्द्र श्री ५ वीरेन्द्रले पनि बुझेर संविधान सभा रोकिरहे । रोक्का रोक्दै श्री ५ ज्ञानेन्द्रले संविधान सभा गर है भनीदिए २०६२ मा । अनि त्यही कहरले श्री ५ ज्ञानेन्द्र आफ्नो श्रीपेच फुकाली पूर्वराजा भए । अहिले त्यही कहरले मैं पनि किताब लेखुँ कि भनी पूर्वराजा ज्ञानेन्द्र फेसबुकमा लेख्दैछन् । उनी नेपाली नेता हुन कसैले रोक्नु हुन्न । नेता हुनु नहुनु उनै जानुन् यो पनि उनको कहर काट्नैपर्ने दु:ख नै हो ।

धेरै कहर प्रधानमन्त्री वर्तमान केपी अेलीको भागमै छ । यी कहर केपी र माधव नेपाल आफैं आफैंले बेसाएकै हो । त्यो पहिलो 'धर्मनिरपेक्षता' शब्द हो । यसले भारतको पूर्व बंगाल पंजाब आदिमा मुसाईकरण जस्तै इसाइकरणलाई छुट दिएर हिमवत खण्डको आर्यावर्त नेपालमा उत्पात मच्चाउँदैछ । दोस्रो शब्द संघीयता भारतीय इन्दिरा गान्धीको तराई टुक्र्याउने नेपाल विरोधी आदेश जस्तै सानु समूह मधेसवादीहरुले आफैंलाई व्यर्थै ठालू सम्झँदै गएका छन् । अन्त पनि यो रोग सारी चीनबाट तिब्बत टुक्र्याउने चाहना राख्ने पश्चिमा जगतलाई दोस्रो अफगानिस्तान यतै बनाउनु खतरा बढेको छ । तेस्रो ती दुवैको शब्द गणतन्त्रले सबै अधिकार गाउँमा गयो भनी विचार नगरी भनिदिँदा देशै टुक्र्याउन खोज्नेलाई आँखा जस्तै भएर अहिलेकै अर्थमन्त्री बेहिसाब खर्च भरेर आफैं महालेखामा बेरुजुको कठघरामा उभिन पर्ला जस्तो छ ।

अर्को कहर पनि प्रधानमन्त्री केपी ओलीलाई नै छ, त्यसमा उनले एउटै वाक्य बोलेका छन्- 'यो देशको नेपालकै प्रधानमन्त्री मात्रै हुँ कुनै दलको होइन' भनेका छन् । त्यो पुऱ्याउनैपर्ने भएको छ । नत्र उनको कहर काट्नैपर्ने दु:ख हट्ने छैन किनभने उसबखत एमाले र प्रजातन्त्रमा आस्था राख्ने गिरिजाप्रसाद प्रधानमन्त्रीले. तलबजीवी कर्मचारीलाई संस्था बनाउन लगाउनै हुने थिएन । त्यो झाँगिएर अहिले टेर्दै नटेर्ने भए । भ्रष्टाचारीलाई पक्रने अख्तियार दुरुपयोग निवारण तथा तिनलाई न्याय दिने न्यायाधीश तथा बहस पैरवी गर्ने वकिलहरुमा प्रजातन्त्री र वामपन्थीहरुले सदस्यता दिनै हुने थिएन । पढाउने प्राध्यापक शिक्षकहरुमा गुटबन्दी गराई यस्तै सदस्यता दिँदा शिक्षा र स्वास्थ्य क्षेत्र धराशायी भइरहेको हेरिरहनु पनि ठीक थिएन । जुनसुकै सार्वजनिक तलब खाँदा कर्मचारी नै थिए । यही रोगले गुप्तचरी परराष्ट्र सेवा, सेना र प्रहरीका भ्रष्टाचारी विदेश पलायन समेत हुँदैछन् । जनताले काम गरिखाने कलकारखाना तहसनहस भई आयात मात्र बढेको छ । अब त विदेशीहरुले तिमीकहाँ यति प्रतिशत बढी भ्रष्टाचार छ भनी अंक नै दिने गरेका छन् । यसैले प्रम केपी र विरोधमा बस्नेले सल्लाह गरेर अख्तियार दुरुपयोग निवारण आयोग र न्याय-वकिल क्षेत्र शुद्ध पारदर्शी बनाउनै पर्छ नत्र केपी ओलीले कहर काट्नैपर्ने दु:ख हट्नेछैन ।

विदेश बस्ने नेपालीहरुका एउटा बगलीमा नेपालमा बस्ने भिसा र अर्कोमा आफ्नै नेपालका लालपुर्जा र नागरिकता रहन्छन्, ती सम्पूर्ण नेपालीको नेपालमा भएका जायजेथाको लगत मन्त्री लालबाबु पण्डितले पहिले भनेजस्तै लगत तुरुन्त नबनाए उसबेलाका राणाजीले जस्तै नेपाली सम्पत्ति विदेश लगी बस्नेछन् । २००७-२००९ फेरि दोहोरिनेछ । भारत, चीन, युरोप जहाँ बसे पनि एउटै बसाई गराउन तुरुन्त अत्यावश्यक भइसकेको छ । यस विषयमा भारतले भर्खरै कैलाली कञ्चनपुरमा आफ्ना नागरिकलाई अर्थात् उसका मतदाता लगतमा नाम भएकालाई केही दिनदेखि प्रमाण दिएर नेपालमा बैंक खाता खोल्न मिल्ने गराउनै लागेको छ । हामीले पनि त्यही गर्नु परे गर्नैपर्छ । यो पनि हाम्रै वर्तमान प्रधानमन्त्री केपी ओली र अब हुने जुनसुकै दल तथा व्यक्ति विशेषले यो देशको नेपालको सत्ता सम्हाले पनि माथिका कुनै पनि प्रत्येक कहरहरु पालिराख्नै भएन । के छ विचार सम्पूर्ण विद्वतजनको ?

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

**सुदर्शन प्रधान**

# देवघाटको पर्यावरणीय महानता र यसको संरक्षण (३)

त्यसरी नै यहाँ वर्षभरि प्रयोगमा आउने विभिन्न रङ्गीन वस्तु र अबिरको प्रयोग झन्डै १ टनजति हुन्छ । यो पनि कम घातक कुरा होइन, जसले जल, जमिन र आकाश प्रदूषित हुने र मानिसका आँखा, छाला र फोक्सोलाई नराम्रो आघात पार्छन् । नदीको किनारमा कपाल खौरेर त्यत्तिकै छोड्नु पनि नदी प्रदूषित गर्नु हो । यस्ता थुप्रै कुराहरूमा दृष्टि पुऱ्याउन खाँचो छ र समस्या समाधानका लागि आजैदेखि सचेत हुन पनि आवश्यक छ ।

क) माइक, हर्नबारे– देवघाटमा हुने धार्मिक सभा, समारोह, मेलामा स्टल लिएर आउने मानिसहरू र अन्य कतिपय अवस्था (विश्वकर्मा पूजा इत्यादि) मा गाडीको छतमै माइक जोडेर ठूलठूलो आवाज घन्किने गरी यहाँको शान्त वातावरणलाई कोलाहलयुक्त तुल्याइन्छ । त्यसले वातावरणमा आघात पुऱ्याउँछ, जसबाट मूलतः वन्यजन्तु र पशुपक्षीहरू टाढाटाढा भाग्छन् किनकि मान्छेको आवाजले उनीहरूमा डर, त्रास पैदा गर्छ । त्यसैले माइकहरू सधैंका लागि यो क्षेत्रमा प्रतिबन्ध लगाउनुपर्छ । त्यसरी नै जङ्गलभित्र गाडीको हर्न बजाउन पनि रोक्नुपर्छ ।

ग) शव जलाउने वा गाड्नेबारे– पवित्र स्थल भनेर यहाँ टाढाटाढादेखि शवहरू जलाउन ल्याइन्छन् । जलाउने काठ, दाउराको मूल स्रोत नजिकको वन नै बनेको छ । यहाँको वन पातलिँदै जानुको प्रमुख कारण यो पनि हो । तसर्थ अबदेखि शवलाई जलाउनुभन्दा सम्पूर्ण जनताले आफ्नो नजिकको वनमा गाड्नु धेरै अर्थमा श्रेयस्कर हुनेछ । यसका लागि सांस्कृतिक चेतना जागृत गर्नुपर्छ ।

घ) मठमन्दिरबारे– यहाँका थुप्रै पुराना मठमन्दिर हरूको मर्मतसम्भार आवश्यक छ तर त्यसो नभई नयाँनयाँ भीमकाय मठमन्दिरहरू निर्माण हुँदै छन् । विदेशीहरूबाट करोडौं रूपैयाँ सहयोग ल्याएर भए पनि यहाँ त्यस्ता कुराहरू बनाउनु राम्रो कुरा होइन । यस कुराले यहाँका अन्य मठमन्दिरहरूको अस्तित्व घटाउँछ, विदेशमुखी हुन्छ र त्यस्ता कृत्रिम मठमन्दिरहरूको निर्माणले वातावरणमा चौतर्फी हानि पुऱ्याउँछ । मठमन्दिर भनेको ढुङ्गा, माटो र काठले बनेको साधारण, त्यो पनि खुला हुनुपर्छ । बन्द ढोकाभित्र कुनै ईश्वरको मूर्ति राखिन्छ भने त्यस्तो भगवान्ले दुनियाँको के हित गर्ला ? किनभने त्यो खुदै कुनै मान्छेबाट बन्द ढोकाभित्र कैद हुन्छ ।


ङ) पुरातात्त्विक वस्तुहरूबारे– हजारौं वर्षअगिदेखि देवघाट क्षेत्रमा मानिसहरूको बस्ती रहँदै आएका प्रमाणहरू धेरै छन् । वागीश्वरीमा पाइएका पुरातात्त्विक वस्तुहरू त्यसका ज्वलन्त उदाहरण हुन् । यहाँ यसको अरू उत्खनन हुनु आवश्यक छ । यस्तो ठाउँमा विगतको सरकारले २८ हेक्टर जङ्गल कुनै व्यक्तिलाई मेडिकल कलेज निर्माण गर्न दिएर ठूलो गल्ती गऱ्यो । अब उक्त निर्माण भएका भवनहरूलाई पुरातात्त्विक राष्ट्रिय अभिलेखालयका वस्तुहरू राखेर अरू कुनै पनि क्षेत्रबाट हुने अतिक्रमण रोक्नुपर्छ । (क्रमश)

# मैले देखेको अठ्तीसौं विश्व सम्पदा : फ्रान्सको भर्साइको दरबार र बगैंचा

सुरेन्द्र ढकाल



भर्साइ दरबारको भित्र बगैंचामा सुरेन्द्र सन् १९८९ मा



भर्साइ दरबारको ढोकामा सुरेन्द्र सन् १९८९ मा



दरबारभित्रको गजुरमा गरिएको कलाकृति



दरबारभित्रको सुन्तला बगैंचा



दरबारभित्र विशाल ऐना भएको हल



दरबारभित्रको युद्धस्मारक ग्यालरी



दरबारभित्रको नाचघर



सिंगो भर्साइ दरबार र बगैंचा



दरबारभित्रको सम्राज्ञी मेरीको सयनकक्ष



भर्साइ दरबारभित्रको बगैंचा



भर्साइ दरबारको अग्र भाग

फोन्टेन ब्लोको दरबार र बगैंचा हेर्दाहेर्दै अपरान्हको ४ बजिसकेको थियो । अब हाम्रो ध्यान भनेको क्याम्पिङ साइट पत्ता लगाई त्यहाँ पुगी बेलुकीको खानाको जोह गर्ने र मोटरमा नै रात बिताउने कुरामा केन्द्रित थियो । फोन्टेन ब्लो हेरिसकेर हामी त्यस क्रममा राजमार्ग पहिल्याई उत्तरतिर हानियौं । करिब दुई घन्टाको हकाइपछि क्याम्पिङ साइट पुगी हामीले आफूलाई व्यवस्थित गर्‍यौं । भोलिपल्ट बिहान हल्का खाना खाई हामी आफ्नो गन्तब्यतिर हानियौं । त्यस दिनको हाम्रो लक्ष्य भनेको विश्वविख्यात भर्साइको दरबार र त्यहाँको बगैंचा हेर्नु थियो । करिब ११ बजेतिर हामी भर्साइको दरबार आइपुग्यौं अनि त्यहाँको दरबार बगैंचा अवलोकन गर्नतर्फ लाग्यौं ।

**भर्साइको दरबार र बगैंचा**

यो दरबार पहिले फ्रान्सको सम्राटको दरबार रहेछ तर वर्तमानमा भने खुला म्युजियम र विश्व पर्यटकको आकर्षणको केन्द्रविन्दु रहेछ । ११औं शताब्दिमा जुन बेला यो दरबारको निर्माण भयो त्यतिखेर भर्साइ एक सानो गाउँ रहेछ । पेरिसको बाहिरी इलाकाबाट २० किलोमिटरको दूरीमा रहेको यो दरबार र यसको बगैंचा सन् १६८२ देखि राजनीतिक शक्ति केन्द्रस्थल पनि भएको रहेछ । सम्राट लुई १४औंले राजदरबारलाई पेरिसबाट यहाँ सारेका रहेछन् । त्यस कारण भर्साइको दरबार फ्रेन्च सम्राटहरुको निरंकुशतन्त्रको प्रतीक मानिंदो रहेछ । त्यसैले होला सन् १७८९ को फ्रान्सको राज्यक्रान्तिका बेला सम्राटहरुलाई यहाँबाट पुनः पेरिस फर्कन बाध्य पारिएको रहेछ । यस दरबार र बगैंचालाई हेदा फ्रेन्च सम्राटहरुले आफ्नो विलासिताको लागि कति धन र समय खर्च गर्दा रहेछन् भन्ने प्रस्ट हुन्छ । त्यतिमात्रै होइन, यो विलासिताको संस्कार यही भर्साइबाट पुरै युरोपभरि फैलिएको हो भनिंदो रहेछ । लुई १४औंले आफ्नो राज्यकालमा यस दरबारलाई विस्तार गर्ने भनेर निर्माण कार्य अघि बढाएका रहेछन् जुन सन् १७१० सम्म पुग्दा पनि सम्पन्न भएको रहेनछ । दरबार र बगैंचालाई विस्तार गर्ने जिम्मा विश्वविख्यात आर्किटेक्ट लुइस ले फाओ, फ्रास्वां दोर्बेलगायत चार्ल्स ले ब्रुन आदिले पाएका रहेछन् । ढुंगा र ईंटाले बनेको यो दरबार र यसको बगैंचामा ठूला ठूला ऐनालगायत केही कुरा पनि विदेशी प्रयोग भएको रहेनछ । यो दरबार र बगैंचा विश्वकै लागि एक सोकेश हुनुपर्दछ भन्ने मान्यता राखी सम्राटको आफ्नो खर्च, फ्रेन्च उपनिवेश क्यानडामा जम्मा गरिएका पैसा र फ्रान्समा उठाइएको राजस्वले बनेको भनिए तापनि यसको कूल खर्चबारे अझै पनि कसैले भन्न नसकेको कुरा पर्यटकहरुलाई बताइँदो रहेछ । यस दरबारभित्र रहेका चाँदीका फर्निचरको मूल्यमात्रै पनि एकिन गर्ने गाहारो हुन्छ भन्दा रहेछन । दरबार र बगैंचाको लागत खर्च भन्दा पनि ठूलो खर्च शुद्ध रेशम प्रयोग गरी बनाइएका साजसज्जा र सजावटका लागि गरिएको रहेछ । सन् १७३८ मा आएर सम्राट लुई १५औंले आफ्नो लागि भनेर दरबारभित्रै उत्तरतर्फ सानो शयनकक्ष बनाउन लगाएका रहेछन् जसको डिजाइन विश्वविख्यात आर्किटेक्ट ज्याक्स गाब्रियलले गरेका रहेछन् । पछि लुई १६औंले अष्ट्रियाकी राजकुमारी मेरी आन्टोनीसँग विवाह गरी उनलाई महारानी बनाएपछि दरबारभित्रका सजावटमा ब्यापक परिवर्तन गरिएको रहेछ र उनका लागि विशेष शयनकक्ष बनाइएको रहेछ ।

फ्रेन्च क्रान्तिपछि राजसंस्थाको पतनसँगै केही वर्ष भर्साइको दरबार र बगैंचा ओझेलमा पर्न पुगी साधारण मर्मत र संभार पनि नभएको र महँगा महँगा फर्निचरहरु बिक्री हुन पुगेका रहेछन् । तर पछि नेपोलियन र लुई नेपोलियन आफ्नो शासनकालमा वृहत रुपमा यस दरबारको जिर्णोद्धार गर्न लगाएका रहेछन् ।

सन् १८३३ मा सुरु भई १८३७ मा सम्पन्न जिर्णोद्धारपश्चात यस दरबारले म्युजियमको स्वरुप ग्रहण गरेको रहेछ जस्मा युद्ध ग्यालेरी नामक वृहत हल बनाई युद्धकालीन विश्वविख्यात पेन्टिङ र अन्य युद्धसँग सम्बन्धित वस्तुहरु सजाइएको रहेछ ।

दोस्रो विश्वयुद्धपछि भएका जिर्णोद्धार कार्यहरुले दरबारभित्रका पानीका फोहोराहरुलाई प्राथमिकता दिए तापनि दरबारभित्र भएर बग्ने नहर कानाल देल्युरो पर्याप्त पानीको अभाव जिर्णोद्धार सम्पन्न हुन नसकेको रहेछ । पछि पाँचौं गणतन्त्रकालमा भएका जिर्णोद्धार कार्यको कारण दरबार र बगैंचाले आफ्नो पुरानो रुप संरक्षण गर्न सफल भएको रहेछ । विश्व सम्पदा सूचीमा रहेको यस दरबार हरेक वर्ष ५० लाख पर्यटकले अवलोकन गर्ने र बगैंचा अवलोकन गर्दै हिँडने पर्यटकको वार्षिक संख्या ८० लाखदेखि १ करोडसम्म पुग्ने रहेछ । यसै दरबारमा सन् १८७१ को भर्साइको सन्धि सम्पन्न भई यहीबाटै जर्मन साम्राज्यको घोषणा भएको रहेछ ।

त्यसै गरी यसै दरबारमा सन् १७८३ मा सम्पन्न भएको पेरिस शान्ति सम्झौता अनुरुप संयुक्त अधिराज्य बेलायतको उपनिवेशबाट संयुक्त अधिराज्य अमेरिका स्वतन्त्र भएको रहेछ । यस दरबारभित्र रहेको नहेरी नहुने कुरामा सम्राटको शयनकक्ष, साम्राज्ञीको सयनकक्ष, विशाल ऐनाको ग्यालेरी, शाही नाचघर (ओपेरा), दरबारको गजुरामा रहेको कलाकारिता र युद्ध स्मरण गर्ने ग्यालेरीहरु पर्दछन् । बगैंचामा भने हेर्न लायकका कुराहरुमा पानीका फोहोराहरु, सुन्तला बगैंचा (ओरान्जेरी) आदि पर्दा रहेछन् ।

"आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रूपान्तरण"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# महिलाहरूको शिक्षा र क्षमता अभिवृद्धि आवश्यक

■ संगीता रेग्मी

महिलालाई संवैधानिक व्यवस्थाअनुसार आरक्षण दिइएपनि महिला ती पदका लागि कतिको सक्षम छन् भन्ने कुरामा पनि ध्यान दिनु आवश्यक छ । महिला सशक्तिकरणका लागि नीति कार्यक्रमहरु बनेपनि त्यसको कार्यान्वयनमा फितलो देखिएको छ । महिलालाई आरक्षण दिएर मात्र पुग्दैन महिलाहरुको शिक्षा र क्षमता अभिवृद्धिका लागि सरकारले उचित ध्यान दिनुपर्छ ।

प्रत्येक वर्ष ८ मार्चका दिन जब अन्तर्राष्ट्रिय नारी दिवस विश्वभर सिर्जनात्मक र रचनात्मक कार्यक्रमसहित मनाइन्छ, तब मधेशकी महिलाको अनुसार हेर्दा उ भित्र असीमित पीडाको भाव झल्किन्छ । वस्तुतः आठ मार्च शोषणका विरूद्ध महिलाहरूले विजय हाँसिल गरेको दिन हो । शोषण, उत्पीडनका विरूद्ध विश्वका नारीहरू आ-आफ्ना घरपरिवार र स्थानबाट संघर्षका पाइलाहरू चाल्न थाले । नारी बन्धनबाट मुक्त हुन खोजे । पुरूषसरह महिला हरेक क्षेत्रमा अग्रसर हुन सक्छन, चाहन्छन् । यसका लागि महिला अधिकार र अवसरको सुनिश्चितता आवश्यकता पर्दछ ।

विश्व राजनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने महिलाको संख्या दिनप्रतिदिन बढ्दो छ । विभिन्न क्षेत्रमा महिलाको प्रभावकारी नेतृत्व बढ्ने क्रम जारी छ । २०६८ को जनगणना अनुसार नेपालमा महिलाको जनसंख्या १,३६,९३,३७८ छ । यो हिसाबले महिला जनसंख्या ५१.४४ प्रतिशत पुग्छ । तर, अहिलेको केन्द्रीय संसद र प्रदेशसभा लगायत राज्यको विभिन्न निकायमा महिला सहभागिता निराशाजनक छ । जनसंख्याका आधाभन्दा बढी भएपनि उनीहरू विभिन्न अवसरबाट बञ्चित छन् । त्यसमा पनि मधेशी महिलाको अवस्था झनै नाजुक छ । संसद र प्रदेशसभामासहित राज्यको अन्य निकायमा मधेशी महिलाको उपस्थिति ज्यादै न्यून छ ।

पहाड र हिमालकी महिलाभन्दा मधेशकी महिलाको सामाजिक परिवेश नितान्त भिन्न छ । उनीहरू आफ्नै घर र समाजभित्र कैद हुनु परेको छ । उनीहरू वर्षौंदेखि अन्याय, अत्याचार, शोषण र दमनमा पिल्सिएकी छन् । शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, अवसमा सहभागिता छैन ।

वि.सं. २०६८ को जनगणना अनुसार मधेशको कुल जनसंख्या १,१२,१२,४५३ छ । अर्थात् नेपालको झण्डै आधा (४८.४ प्रतिशत) जनसंख्या मधेशमा बस्छ । त्यसमा महिलाको अनुपात ४९.१ प्रतिशत छ । मधेशी महिलाको जनसंख्या वि.सं. २०६८ जनगणनाको आधारमा करीब ७२ लाख अर्थात् मधेशको कुल जनसंख्याको झण्डै ६४ प्रतिशत छ र यसमा आधा करीब ३६ लाख मधेशी महिलाहरू छन् ।

राष्ट्रियस्तरमा मधेशी महिलाहरूको सशक्तीकरणको सवालमा, सन् २००३ मा इसिमोड र अन्यले गरेको अध्ययनबाट केही चाखलाग्दा तथ्यांकहरू बाहिर आएका छन् । महिला सशक्तीकरणमा रौतहट जिल्लाको स्थान ७४ औं, कपिलवस्तु ७२ औं, पर्सा ६९ औं, महोत्तरी ६६ औं, सर्लाही ६४ औं, बारा ६१ औं, सिरहा ६० औं, धनुषा ५७ औं र सप्तरी ५३ औं स्थान छ । यी उल्लेख गरिएका जिल्लाहरू मधेशी महिलाहरूलाई बढी प्रतिनिधित्व गर्ने मधेशका २० वटा जिल्ला मध्येका हुन् । मधेशी महिलाहरूको स्थिति दयनीय किन छ भन्ने कारण खोतल्नु आवश्यक छ । मधेशीहरूको आफ्नै सामाजिक, सांस्कृतिक परम्परा र राज्यले मधेशी र खासगरी मधेशी महिलाका निमित्त निर्वाह गरेको भूमिका नै मधेशी महिलाहरूको दयनीय अवस्थाको कारण हो ।

राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) ले मधेशी समाजभित्र महिलाको अवस्थाका सम्बन्धमा विस्तृत अध्ययन गरेको छ । मधेशका जिल्लामा लैङगिक असमानता र महिला हिंसा बढ्दो छ । तराईका खासगरी सातवटा जिल्ला सप्तरी, सिरहा, धनुषा, पर्सा, बारा तथा कपिलवस्तु, बाँके र बर्दियामा यस्तो असमानता बढी छ ।

मधेशी समाजमा देशको कानूनभन्दा धार्मिक, संस्कृतिक, रीतिरिवाज र परम्परा रूपी कानून हावी छ । त्यो सामाजिक परिधिलाई चिर्न मधेशी महिलाका लागि सहज छैन । परिस्थिति जहिले पनि उनीहरू विरूद्ध हुन्छ । राजनीति वा घर बाहिरका गतिविधिमा मधेशी महिलाको प्रवेश सहज छैन । यद्यपी, मधेश जनविद्रोहपछि सामाजिक परिवेश केही फेरिएको छ ।

वास्तवमा मधेशका महिलाको अवस्था झनै दयनीय छ । मधेशी समाजमा दाइजो प्रथा झन् बढ्दै गएको छ । दाइजो, बहुविवाह, यौन अपराध जस्ता कारणले पछिल्लो समय छोरी बुहारीहरूको हत्याका घटना निकै बढेको छ । मधेशी महिला खासगरी, दाइजोप्रथा, घुम्टो (पर्दा) को पीडा, बहुविवाह, बालविवाह, अशिक्षा, कुपोषण, आर्थिक परनिर्भरता आदि समस्याबाट पीडित छन् । मधेशमा विद्यमान महिला विरोधी कुरीति, कुसंस्कार र विभेद महिलाहरूको उत्थान र प्रगतिमा बाधक भइरहेको अवस्थामा उनीहरूमाथि झन् ठूला चुनौतीहरू थोपरेको छ ।

मधेशमा महिला समस्याको जरो आफ्नै घर र समाजबाट सुरू हुने गरेको छ । महिलालाई पुरूषभन्दा कमजोर ठान्ने कुसंस्कार र कुरीतिले महिलाको शृजनशीलता र व्यक्तित्व निर्माणमा अङ्कुश लागेको छ । उनीहरूको प्रतिभालाई सिमित पारिएको छ ।

विश्वव्यापीकरणले संसारभरका महिलाहरूलाई एक आपसमा प्रतिस्पर्धा गर्नुपर्ने अवस्था सिर्जना गरेको अवस्थामा मधेशी महिलाहरू थप पछाडि धकेलिएका छन् । यसले शक्तिशाली र विकसित देशका महिलाहरूलाई त केही अवसर थपेको होला तर आम मधेशी महिलाले विकसित राष्ट्रका शिक्षित महिलासँग खुला प्रतिस्पर्धा गर्ने अवस्था छैन ।

विश्वव्यापीकरणसँगै आएका सूचना-प्रविधिको विकास, त्यसको सञ्जाल र सरलताको कारणले नेपाली महिलाहरूले विभिन्न कुरा सिकेको भए तापनि त्यसलाई नेपालको ठोस परिस्थिति अनुरूप लागू गर्न सकिएको छैन । पर्याप्त शिक्षाको कमीले मधेशी महिला असल कुरा र नयाँ प्रविधिको उचित सदुपयोग गर्न नसकेको स्थिति छ । त्यसले हामीलाई अधिकार प्रति त सचेत गराएको छ, तर कतै हामीले आफ्ना कर्तव्यहरू बिर्सिरहेका त छैनौं ? त्यसैले महिलालाई उचित शिक्षाले मात्रै उचित अवसर प्रदान गर्न सक्छ । त्यसैले विश्वव्यापीकरणको हौवामा लाग्नु भन्दा पनि मधेशी महिलालाई उचित शिक्षा दिएर उनीहरूलाई प्रतिस्पर्धी बनाउनु जरूरी छ ।



नयाँ संविधान अनुसार प्रदेश सरकार पनि बनिसकेको अवस्थामा प्रदेश सरकारले पनि महिलाको विषयमा ध्यान दिनुपर्छ । प्रदेश सरकारले महिलाहरूको शिक्षा र क्षमता अभिबृद्धिमा उचित ध्यान दिनु आवश्यक छ ।

विश्वव्यापीकरणको वर्तमान परिप्रेक्ष्यमा नेपाली महिलाहरूलाई युग अनुकूल हुने गरी प्रतिस्पर्धी गराउन राज्य, परिवार, समाज र महिला स्वयम दत्तचित्त भएर लागेमा विश्वव्यापीकरणले पैदा गर्ने असमानता, विभेद र बहिष्करणको विरूद्ध जुध्दै नेपाली महिलाहरू प्रगति र अग्रगतिको दिशामा लम्कन सक्छन् ।

# नीमको उपयोगिता

नीम मेलिएसी परिवारमा पर्ने १५ देखि २० मिटरसम्म उचाइ भएको सदावहार रुख प्रजातिको बिरुवा हो । बहुउद्देश्यीय बिरुवा नीम धेरै पहिलेदेखि पहिचान भएको र समाजमा विभिन्न रोगहरुमा औषधिको रुपमा प्रयोग भई आइरहेको छ । यसको सबै भागहरु जरा, काण्ड, बोक्रा, पातहरु फूल र फल आदि परापूर्वकालदेखि विभिन्न औषधिहरुमा प्रयोग भएको पाइन्छ । यसको महत्व र बहुउपयोगका कारणले संयुक्त राष्ट्र संघद्वारा नीमलाई २१ औं शताब्दीको 'रख' भनेर घोषणा गरिएको छ । यसमा २० देखि ४० सेन्टिमिटरसम्मका पिन्नेट पातहरु हुन्छन् । भारत तथा म्यानमार उद्गमस्थल रहेको यो बिरुवा उष्ण जलवायु भएका अफ्रिका, अष्ट्रेलिया, इन्डोनेसिया, बंगलादेश, नेपाल, थाइल्यान्ड सुडान, फिजी, हाइटी, दक्षिण अमेरिका आदि देशहरुमा फैलिएको छ । यो बिरुवा समुद्र सतहदेखि ९०० मिटरसम्म प्रशस्त घाम लाग्ने ठाउँमा हुने गर्छ । नेपालमा तराई तथा मध्यपहाडी क्षेत्र अर्थात् तातो हावापानी भएको ठाउँमा प्रशस्त सप्रिएको भेटिन्छ ।



बहुगुणकारी रुख नीमको सम्पूर्ण भागहरु औषधिको रुपमा प्रयोग गरेको पाइन्छ । यसका पातहरुमा केल्सियम, म्यागनेसियम, फलाम, फस्फोरस, प्रोटिन, भिटामिन ए आदिका साथै एजाडिटिन क्वरेसेटिन नोमिसिनल आदि क्षाराभ भेटिन्छन् । यपातहरु आँखा, किड्नी छालासम्बन्धी रोगमा प्रयोग गरिने औषधि बनाइन्छ । यो पेटको जुका बाहिर निकाल्न, कमलपित्त तथा घाउ खटिरा आदि निको पार्न प्रयोग गरिन्छ । यसको फलमा मिरसेटिन क्वारसेटिन निमोसेटिन आदि रसायनिक तत्वहरु भेटिन्छन् । यो उत्तेजना बढाउने, पेटकोदुखाइ निको पार्ने रोगहरुमा प्रयोग हुनुका साथैं शक्तिबर्द्धक औषधि बनाउन पनि प्रयोग गरिन्छ । फूलबाट निकालिएको तेल छालाको रोगमा धेरै उपयोगी मानिन्छ । फूलबाट बनेको मह केटाकेटीको स्वास्थ्यका लागि उपयोगी मानिन्छ । बिउबाट निकालिएको तेल कुष्ठरोग, लुतो, बाथ रोग आदिमा प्रयोग गरिन्छ ।

मुख्य काण्डको बोक्रा ज्वरो, वान्ता आउने, छालाका रोगका साथै बिच्छु तथा सर्पले टोक्दा प्रयोग गरिने औषधिहरु बनाउन प्रयोग गरिन्छ । नीमको कलिलो डाँठहरुलाई दाँत माझ्न प्रयोग गर्नुका साथै पातको झोल नुहाउन प्रयोग गरिन्छ । नीमको प्रयोग जैविक किटनाशक औषधिका रुपमा अत्यन्त प्रभावकारी देखिन्छ । यो बिरुवामा ८ देखि १० प्रजातिका विभिन्न किसिमका किराहरु मार्ने तत्व रहेको भेटिन्छ । यसको पात वा पात गेडाको धुलो खाद्य भण्डारन गर्दा र कपडा राखिने ठाउँहरुमा किटनाशक औषधिको रुपमा प्रयोग गरेको पाइन्छ । तरकारी, फलफूल आदिका बिरुवाहरुमा हानिकारक किरा, रोग आदिमा किटनाशक ओषधिका रुपमा नीमको प्रयोग बढ्दो छ । यसका साथै नीमका कलिला मुन्टा र फूलहरु तरकारीको रुपमा प्रयोग गर्ने गरिएको छ । हानिकारक किरा र रोग नियन्त्रणका लागि हाल नीम ५५ भन्दा बढी देशहरुमा प्रयोग भइरहेको छ ।

कथा

■ लक्ष्मी उप्रेती

# दोष कसको ?

अघिदेखि नै फोनको घण्टी बजेको बजै छ । फोनको छेउमै विभू, नवराज र उनीहरूकी पाँच वर्षकी छोरी चुपचाप बसिरहेका छन् । कोही कसैसँग बोलेका छैनन् । कोठामा एकप्रकारको निस्तब्धता छ । कस्तो विचित्र परिवेश ?

विभू चाहन्छे उसको लोग्ने नवराजले फोन उठाओस् । यदि सुधांशुले गरेको फोन भए नवराजले उसलाई बेस्सरी गाली गरोस् । घरमा आउन नै निषेध गरोस् । तर यो विधिको कस्तो विडम्बना ? न त नवराजले फोन उठाउँछ, न त फोनको घण्टी नै रोकिन्छ । लगातार फोनको घण्टी बजेको बजै छ झर्को लाग्ने गरी । त्यसो भए के आज मैले यो घर छाडेर नै जानु पर्ने भो त ? तिमीले कति सजिलै भन्यौ नवराज- मेरो घरबाट निस्केर त्यै नाठासँग जा ।

विक्षिप्त भएको मनले प्रश्न गर्छे विभू आफ्नै मनभित्रको घाउ निचोर्दै । निकैबेरपछि फोनको घण्टी बज्न छाड्छ ।

चैतको महिना । वासन्ती शोभा छ प्रकृतिमा । मध्याहनको घाम बनेर सूर्यको रापिलो वाफले तातिएको वरिपरिको परिवेश भन्दा विभूको हृदयभित्रको रापभित्रै गुम्सिएको छ । खुल्ला झ्यालबाट छिरेको मन्द मन्द हावाको स्पर्शले विभूको दृष्टि त्यतैतिर फर्काउँछ । अनायासै उडिरहेका चराहरू झैं उड्न खोज्छ मन । औडाहाको साङ्लाले झ्वाट्ट तानेर अटसमटस कसिन्छ । चराहरू उड्दा उड्दै क्षितिजमा टाँगिएको आकाश हुन्छन्, विभू भने आफैले टेकेको धरती पनि भासिँदै पाताल भएको अनुभूत गर्दै बसेको ठाउँबाट जुरुक्क उठी र नवराजनिर गएर अवरुद्ध हुँदै भनी- "नवराज तपाई मलाई एकपटक मात्र क्षमा गर्न सक्नुहुन्न ? सातवर्षसम्म तपाईंसँग बिताएका दुःख सुखका क्षणहरू म बिर्सन सकुँला, के तपाईं पनि बिर्सन सक्नुहुन्छ ? तपाईलाई धेरै माया गर्छु म । अझै पनि हामी यहाँबाट अन्त कतै गएर नयाँ जीवन सुरु गरौं, जहाँ सुधांशुको छाया पनि देख्न नपरोस् । अनि यी सबै घटनाहरूलाई एउटा दुःस्वप्न सम्झेर बाँकी दिन राम्ररी बिताऔंला ।"

तर अहँ १ नवराजको मुखबाट एक शब्द पनि निस्किएन । त्यसपछि विभूका आँखाबाट टप्प-टप्प आँसु झर्छन् निकैबेरसम्म । ऊ आफ्नो विगत र आगत मनभरि छचल्काउँदै दराजबाट आफ्ना केही लुगा झिकेर गुटमुट्याउँदै एउटा सुडकेसमा राख्छे । घुँक्कघुँक्क गर्दै मनमा उम्लिएको वेदना आँखाबाट वरवरी झार्दै कुर्सिमा बस्छे ।

............

यो कथा होइन । हाम्रै समाजमा घटेको सत्य घटना हो ।

- घटना सत्य हो । तर पनि यो कथा नै हो दुई जना मिल्ने साथीहरू नवराज र सुधांशु अनि विभूको ।

मनैको कुरो त हो बहकिन सक्छ ।

मन नै त हो टुट्न र जुट्न केहीबेर नलाग्ने । कस्तो अनौठो यो मन । यही मनले समाजमा यस्तो कथा जन्माउन सक्दोरहेछ । अचम्म । यो कथा जन्मिनुमा तीनै जनाको दोष छ । तर यी तीन जनाको दोषको सिकार बालख छोरी किन ?

नवराज र विभूको सातवर्ष अगाडि प्रेम विवाह भएको हो । बिहे हुनुभन्दा दुई वर्ष पहिलादेखि उनीहरूको प्रेम सुरु भयो । बिहेपछि नमुना थियो उनीहरूको जोडी समाजमा । बिहे गरेको दुई वर्षपछि उनीहरूकी एउटी छोरी जन्मी ।

छोरी जन्मिएपछि झन् सुख थपियो उनीहरूको दाम्पत्य जीवनमा ।

अभावमा पनि छोरीलाई पूर्ण बनाउने प्रयासमा सधैं जुट्थे पति पत्नी । नवराज पेसाले जागिरे भए तापनि उनका मिल्ने साथी सुधांशु व्यापारी हुन् । उनी बारम्बार आइरहन्थे उनीहरूको घरमा ।

सुरु सुरुमा विभूलाई सुधांशु त्यति मन पर्दैनथ्यो । नचाहेर पनि उसको स्वागत सत्कार गर्थी नवराजको करमा परेर । सुधांशु छोरीका लागि महँगा-महँगा खेलौना, लुगा, कपडा, खानेकुरा ल्याइदिन्थ्यो । पछि विभूका लागि पनि आकर्षक उपहार ल्याइदिन थाल्यो बिस्तारै-बिस्तारै ।

सुरुसुरुमा त विभूले हिचकिचाउँदै सुधांशुले ल्याइदिएका त्यस्ता महँगा उपहार लिन नमानी आफ्ना पतिसँग आपति जनाई ।

नवराजले आफ्नी पत्नीलाई त्यस्ता राम्रा र महँगा उपहार कहिले दिन सक्दैनथ्यो । त्यसैले आफ्ना साथीले ल्याइदिने गरेका उपहारमा उसले उल्टै कसैले दिएका कुरा लिनुपर्छ, नत्र उसलाई अपमान गरे जस्तो हुन्छ । मेरो साथी नराम्रो मान्छे कहाँ हो र ? भनेर उपहार लिन विभूलाई प ा त स ा हि त गर्थ्यो । बिस्तारै नवराजले जस्तै विभूले पनि सुधांशुको आगमन रुचाउन थाली ।

सुधांशु उनीहरूकोमा आउने, खाने, बस्ने क्रम बढ्दै जान थाल्यो, छोरीलाई खेलाउने बाहानामा । छोरी दिनप्रतिदिन उनीहरूकी खेलौना जस्तै खुब रहर लाग्दी भई । नवराज र विभू झैं सुधांशु पनि मक्ख पर्थ्यो छोरीलाई खेलाउँदा ।

सुधांशुले छोरीलाई खेलाएको हेरेर द· पर्थे, नवराज र विभू । साथीको विश्वासले हो वा विवशताले हो आफू नहुँदा विभू र छोरीको रेखदेख गर्नु भनेर सुधांशुलाई नवराजले अऱ्हाउने गर्थ्यो । त्यसैले नवराज जागिरको सिलसिलामा बाहिर कतै गएको बेलामा उनीहरूकामा जाने बाटो सुधांशुलाई सधैं खुल्ला थियो ।

दिन बित्दै गए

समयको कुरा कसले जान्ने र ?

मनलाई कसले थुन्ने र ?

आज भोलि गर्दै सुधांशुको र विभूको मन मिल्दै गयो । मानिसको स्वभाव न हो । यसै त अर्काको घरमा आगो लगाएर रमिता ेर्दै मनोरञ्जन लिने गर्छन् मानिसहरू, त्यसमा भएन विभू र सुधांशुको सम्बन्ध अघि नै बढिसक्यो ।

बिस्तारै एक कान दुई कान हुँदै नवराजले पनि आफ्नी पत्नीको आफ्नो साथीसँग सम्बन्ध बढेको थाहा पायो । तर थाहा नपाए झैं गरिरह्यो । साथीले आफूलाई सहयोग गरी नै रहेको छ ।

पत्नीले घरव्यवहार राम्ररी हेरेर पनि आफ्नो सेवा गरेकै छन् । छोरीको भविष्य सुरक्षित देखेर पनि होला नवराज चुपचाप रहन्थ्यो । के गरिबीकै कारण नवराज यी सब कुरा सहन बाध्य भयो त ? जे पनि त हुन सक्छ नि ? हुन पनि त हो नि, जागिरेको तलब नै कति हुन्छ र ? त्यसैले यो उसको विवशता नै पो हो कि ? यसरी नै समय बित्दै गयो ।

नवराज आफैं लाछी, हुतिहारा भएको थाहा भएर पनि बुझ पचाउँथ्यो । उसो त विभूले नवराजलाई सानासाना कुरामा पनि चर्को व्यङ्ग्य बाणले हुत्याउँथी । सुरु सुरुमा नवराज निरीह हुँदै लुरुक्क पर्ने गर्दथ्यो विभूको डङ्कामा ।

केही समयपछि भने सुधांशुको उपस्थिति भएको बेला नवराजले विभूलाई केही भन्न सक्तैनथ्यो । तर जब सुधांशु त्यहाँबाट हिँड्थ्यो तब नवराज विभूलाई मानसिक यातना दिन थाल्थ्यो । त्यति हुँदा पनि विभूलाई लाग्दथ्यो 'मेरो लोग्नेले मलाई झैं सुधांशुलाई पनि गाली गरोस् ।'

नवराजको व्यवहार र विभूको मन बुझेर सुधांशुले कतिपटक विभू हामी बिहे गरेर सधैंका लागि सँगै बसौं न १ भनेर फकाउन सम्मन फकाउने गर्थ्यो । तर विभूले छोरीको मायासँगै नवराजलाई त्याग्न नसक्दा सुधांशुको प्रस्ताव स्विकार्न सकेकी थिइन । दिन/गते/महिना गर्दै उनीहरूको संयुक्त जिन्दगी बित्यो, तीन वर्ष भन्दा बढी नै ।

हिजो विभूको जन्मदिन । सुधांशुले निर्लज्ज हुँदै विभूको जन्मदिनको रात्रिभोज आयोजना गऱ्यो, होटलमा भव्यताका साथ, समाजका गन्यमान्य मानिसहरूलाई समेत निम्त्याउँदै ।

रात्रिभोज सुरु भइरहँदा आमन्त्रितलाई जोसिलो बनाउँदै अन्य सहभागीहरूसँगसँगै विभू र सुधांशुको जोडी पनि डान्समा खुब जम्यो । अनि त के भयो ? जुन कुरो हुनै पर्थ्यो त्यही नै भयो । मानिस यसै त अर्काको कुरा काट्ने मौका पर्खिरहन्छ । त्यसमा भएन पार्टीमा त्यस्तो दृश्य देखेपछि के चाहियो र ? कुरा गर्न पाएका बेला नवराजलाई चिड्याउने दाउमा दया देखाउँदै एउटा कुरा गर्नु र विभू र सुधांशुलाई सुर्याउँदै वा. वा, क्या राम्रो डान्स, वान्स मोर, वान्स मोर भन्दै उकास्नुले नवराज आवेगमा आएर आक्रोशित हुँदै धोक्न सम्मन रक्सी धोकेर मात्तिएर बेहोस भयो । यसरी नै पार्टी सकियो । सुधांशु र विभूले मातेर बेहोस भएको नवराजलाई पनि सँगै लिएर घर आए । रात पर्दाबाट फुत्कँदै प्रभातको लालीमा रँगिएर क्षितिजमा टाँगिदो आभाले छ्याङ्ग भएको धरती, चराहरूको कलरवसँगै टाढाबाट आएको आरतीको मीठो धुन, बाहिर फ्याट्टफुट्ट हिँड्ने मानिसको पातलो आवातजावत र सडकको खुल्ला दृश्यले आनन्दित भई मन्त्रमुग्ध हुने आहलादित उत्सवको यो क्षण नवराजको जीवनमा विषाद बन्यो । (क्रमशः)

# मालेको संकल्प : हामी फेरि उठ्नेछौं

## दाङको तुल्सीपुर र घोराहीमा सम्पन्न भएको नेकपा मालेको राष्ट्रिय परिषद् अधिवेशनका झलकहरू

















दाङको घोराहीस्थित सहिद लखन थापाको सालिकमा माल्यार्पणपछि महासचिव सीपी मैनाली लगायत








प्रेरक

# स्वर्ण मुद्रा

सुदत्त नामका व्यापारी व्यापारको सिलसिलामा सहर जाने आउने गर्थे । सहरमा ध्वजा पताका टाँसेर सिंगारिएको थियो । कारण रहेछ सहरमा एकजना सम्बोधी प्राप्त गुरु आउँदै हुनुहुँदो रहेछ । व्यापारीले पनि सम्बोधी प्राप्त गुरुलाई भेट्ने मौका पाउने भएर बुद्धको स्वागतमा खटिए । बुद्ध उक्त नगरमा आउनुभयो र प्रवचन गर्नुभयो । बुद्धको अहिंसावाद र शान्तिबारेको प्रवचन सबैले सुने । बुद्धको प्रवचनबाट सबै मानिस प्रभावित भए । त्यहाँ पनि बुद्धका उपासक र शिष्यको संख्या बढ्यो ।

व्यापारीले बुद्धलाई गाउँ लान भेट्ने निश्चय गरे । गाउँमा पनि बुद्ध संघलाई आमन्त्रित गरे । बुद्धले निमन्त्रणालाई स्वीकार गर्नुभयो र केही समय लिएर व्यापारी आफ्ना गाउँ फर्किए ।

गाउँमा बुद्धलाई राख्नका लागि व्यापारी सुदत्तले विभिन्न ठाउँ हेरे । तर कहीँ पनि त्यस्तो ठाउँ देखेनन् । उनी ठाउँ खोज्दाखोज्दा निकै थाकिसकेका थिए । राजकुमार जेतको जेतवन मात्र बाँकी थियो । यो निकै शान्त र शीतल थियो, तर राजकुमार जेतले उक्त वन बेच्छन् भन्ने कुरामा शंका थियो । सुदत्त राजकुमार भएको ठाउँमा गए । राजकुमार जेत आफ्ना मन्त्रीहरुका साथमा छलफल गर्दै थिए । राजकुमारले व्यापारी सुदत्त आउनुको कारण सोधे र सुदत्तले भने- 'राजकुमार, के तपाईं जेतवन बेच्नुहुन्छ ?'

राजकुमारका लागि त्यो बगैंचा निकै प्रिय थियो । उनी त्यो बगैंचा बेच्ने कुरा सोच्न पनि सक्दैनथे । राजकुमार जेतले ठट्टाको शैलीमा भने- 'म त्यो बगैंचा बेच्न त बेच्छु तर तिमीले त्यसको मूल्य चुकाउन त्यो बगैंचाभरि स्वर्ण मुद्रा ओछ्याउनुपर्छ ।' व्यापारी सुदत्त खुसी हुँदै भने- 'हुन्छ । म त्यहाँ भोलि बिहानदेखि नै स्वर्ण मुद्रा ओछ्याउन लगाइदिन्छु ।' ख्यालठट्टाको कुरा व्यापारीले साँच्चीकै बुझ्दा राजकुमार जेत झस्किए र भने, 'ए ..पख पख । मैले ठट्टा मात्र गरेको हो । म त्यो बगैंचा बेच्न चाहन्न ।'

व्यापारीले भने- 'तपाईंको बगैंचाको मूल्य तिर्न म तयार छु । राजकुमार जेतलाई थोरै के आशा थियो भने सुदत्तले स्वर्ण मुद्रा ओछ्याउन नसक्लान् ।

भोलि बिहानै सुदत्तले वनमा स्वर्ण मुद्रा ओछ्याउन लगाए । राजकुमार जेत स्वर्ण मुद्रा ओछ्याएको हेर्न आए । कुमार जेतले बुद्धका लागि सुदत्त यस्तो गर्दै छन् भनेपछि बुद्धको ज्ञान कस्तो होला भन्ने लाग्यो उनलाई ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

## बृष

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन् । खर्च लागे पनि दिगो फाइदा हुने काम फेला पर्न सक्छ । चुनौती पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । टाढाका साथीभाइको निम्तो प्राप्त हुने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

## मिथुन

मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ । तर आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । प्रतिफल हातपार्न केही समय लाग्नेछ । जिम्मेवारी भने बढिरहनेछन् तर आफ्ना काम स्थगित हुनाले मन खिन्न हुनेछ ।

## कर्कट

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ । यात्रामा होसियारी अपनाउनु पर्नेछ ।

## सिंह

धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहे पनि गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । श्रम परे पनि तारिफयोग्य काम गर्दै अरूको उपकार गर्न सकिनेछ । तर आलस्य गर्ने बानीले उपलब्धि गुम्ने सम्भावना देखिन्छ, सजग रहनुहोला । बुद्धिको उपयोगले मात्र लक्ष्य प्राप्त हुनेछ ।

## कन्या

काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । अरूका काममा धेरै समय खर्चनुपर्ला । विगतका समस्या बल्झिन सक्छन् । सानातिना काम र घरेलु समस्यामा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ । तर अरूको भर पर्दा काम अधुरो रहन सक्छ ।

## तुला

घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । तर, विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ । वादविवादले साथीभाइमा फाटो ल्याउनेछ । निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ । भेटघाटले काममा अलमल्याउन सक्छ । तापनि मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । उठ्नुपर्ने रकम तत्काल हातलागी नहुन सक्छ । व्यवसायको सन्दर्भमा यात्रा गर्नुपर्ला ।

## बृश्चिक

प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम थालनी हुनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ ।

## धनु

अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला । व्यापार( व्यवसायमा समेत सोचेको फाइदा नउठ्ने देखिन्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला । तापनि निराश नहुनुहोस्, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम बनाउन सकिनेछ ।

## मकर

बेसुरमा वचन दिने बानीले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । ईर्ष्या गर्नेहरूले बिनाकारण दुस्ख दिन सक्छन् । मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउनेछ । आसलाग्दो काम बिग्रनाले मन खिन्न हुनेछ । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । अरूको सुझावमा भर नपर्नुहोला । महत्वाकांक्षी योजना पनि तत्काल सार्वजनिक नगर्नुहोला ।

## कुम्भ

मिहिनेत परे पनि गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरू जुट्नेछन् भने प्रतिद्वन्द्वीलाई हराउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा फाइदा हुनेछ । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा राम्रो फाइदा हुनेछ । मिहिनेतले दैनिकीमा राम्रै परिवर्तन ल्याउनेछ ।

## मीन


बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । चिताएको काम सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा पनि प्रगति हुनेछ । मानसम्मान प्राप्त हुने समय छ ।

# "लम्फू" को भिडियो सार्वजनिक

नयाँ वर्षबाट देशैभर प्रदर्शनमा आउन लागेको फिल्म 'लम्फू' को दोस्रो गीत 'दोधारमा परेँ म' को भिडियो रिलिज भएको छ । यो गीतमा दुर्गा खरेलको स्वर, अर्जुन पोखरेलको संगीत तथा नरेश भट्टराईका शब्द रहेका छन् । यस गीतमा नायिका मरिश्का पोखरेल र नवनायक कबिर खड्का फिचरिङ छन् । गीतले एक युवतीले आफ्नो बैवाहिक जीवनलाई कस्तो बनाउने र कोसँग बिवाह गर्ने भन्ने बारेमा साथीहरुसँगको मनोभाव व्यक्त गरेको छ । गोपालचन्द्र लामिछानेको निर्देशनमा तयार 'लम्फू' मा कबिर खड्का, मरिश्का पोखरेल, सलोन बस्नेत, चाँदनी शर्मा, सञ्जित भण्डारी, कुशाग्र भट्टराई (बालकलाकार), आयन खड्का, ओम गुरुङ्ग, अजित लामिछाने, सन्तोष कार्की, कुशल गुरुङ, काजोल, रश्मी भट्ट, जानुका पौडेल, पुष्प आचार्य, झलक कार्की, थमन सिंह पुर्जा लगायतको अभिनय रहेको छ ।

उक्त फिल्ममा 'तरकारीवाली' को नामले प्रख्यात कुशुम श्रेष्ठको पनि अभिनय रहेको छ । फिल्मले एक युवाको जीवनमा आईपर्ने अकल्पनिय घटनाहरु प्रस्तुत गर्छ । 'लम्फू' लाई पपुलर मल्टिमीडियाको लागि शक्तिबल्दभ घोरासैनीले निर्माण गरेका हुन् । फिल्ममा भूपतिको लेखन रहेको छ । दिपक बज्राचार्यको छायांकन रहेको यस फिल्मका सम्पादक हरि सिलवाल हुन् । पुनम गौतमले फिल्ममा कस्ट्युम डिजाइन गरेकी छन् ।

# नेपाल आइडलले हटायो गाडी पुरस्कार




नेपाल आइडलको दोस्रो संस्करणका विजेताले नगद ५० लाख पुरस्कार पाउने भएका छन् । पहिलो संस्करणमा पुरस्कार २० लाख थियो । तर, यसपटकदेखि गाडी पुरस्कार हटाइएको छ । पहिलो नेपाल आइडल बुद्ध लामाले महेन्द्रा केयूभी १०० गाडी पाएका थिए । तर कर तिर्ने सम्वन्धमा उनले विवाद निकालेका छन् । आकस्मिक लाभ कर नतिर्दा उनले अहिलेसम्म गाडीको ब्लु बुक पाएका छैनन् । यही कचिङ्गलले गर्दा सिजन २ मा गाडी पुरस्कार हटाएर ३० लाख रुपैयाँ नगद पुरस्कार थप गरिएको हो । नेपाल आइडलको दोस्रो संस्करणमा तीनै जना जजहरु दोहोरिने भएका छन् । पहिलो संस्करणमा जस्तै न्हयु बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद बास्कोटा फेरि जजको कुर्सीमा बस्नेछन् । उनीहरुको निर्णय र विश्लेषण क्षमताको प्रशंसा भएको थियो । जजहरु पुरानै भए पनि प्रस्तोता भने एकजना फेरिएका छन् । यसअघि सुशील नेपाल र रिमा विश्वकर्मा रहेकोमा सुशीलको ठाउँमा नायक तथा टेलिभिजन प्रस्तोता आसिफ शाहलाई लिइएको छ । सुशील भने अर्को सांगीतिक रियालिटी शो भ्वाइस अफ नेपालका लागि अनुबन्ध भएका छन् । यस पटकको नेपाल आइडलमा ठूलो नीतिगत परिवर्तन गरिएको छ । नेपाल आइडलको आधिकारिक फेसबुक पेजमा जनाइएअनुसार अब निर्णायक र दर्शकको भोटलाई ५०-५० प्रतिशत भार दिइनेछ । नेपाल आइडल सिजन २ को अडिसन मंगलबार भैरहवाबाट सुरु हुँदैछ । भैरहवाको जेसिज किन्डर गार्डेन हाइस्कुलमा अडिसन लिइने छ । त्यसपछि क्रमशः धनगढी, हेटौंडा, धरान, पोखरा र काठमाडौंमा अडिसन हुनेछन् ।

## नेपाली चलचित्रलाई फागुन फापेन

नेपाली चलचित्रको बजार हेर्ने हो भने बर्षमा आधा दर्जन चलचित्रले कमाई गरे भने पनि ठूलो कुरा हो । तर अहिले हरेक हप्ता दुई-तीन वटा चलचित्र रिलिज भइरहेका छन् । धेरै चलचित्र त रिलिज भएको नै दर्शकले थाहा पाउँदैनन् । थाहा पाए पनि धेरै चलचित्र हेर्न हलसम्म पुग्दैनन् । गीतसंगीत, ब्यानर, ब्रान्ड, कलाकार भएका थोरै चलचित्रमा मात्र दर्शकको आकर्षण देखिन्छ । जसले गर्दा, नेपाली चलचित्रमाथिको लगानी 'बालुवामा पानी' जस्तै भएको छ भन्दा फरक पर्दैन । फागून महिनाको कुरा गर्दा नेपाली चलचित्रका लागि खासै सुखद रहन सकेन । यो एक महिनामा ८ वटा चलचित्र रिलिज भए । यीमध्ये केही निकै राम्रा पनि थिए । तर, व्यापारिक रुपमा अधिकांस चलचित्र बक्स अफिसमा पिटिए । करिब ५० लाख भन्दा माथिको बजेटमा नेपाली चलचित्र बन्ने भएकाले पनि औसत ५ करोड लगानी भएको छ ।

*(एजेन्सीहरुबाट)*

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Homeostasis=तुलनात्मक किसिमबाट सन्तुलन कायम गर्न सक्ने प्रणाली It is difficult to maintain body's ability to homeostasis with defective immune system (कमजोर प्रतिरक्षात्मक क्षमताको कारणले शरीरको सन्तुलन कायम गर्ने प्रणाली कठिनतम हुन जान्छ)

Impede= बाधक बन्नु The unnecessary discussion may impede the decision in time (अनावश्यक छलफलले समयमा नै निर्णय लिनलाई बाधा पर्‍याउन सक्छ)

Jaunt = छोटो भ्रमण A quick jaunt does not help understand the people and place (छोटो भ्रमणले ठाउँ र मानिसहरूबारे जान्न मद्दत गर्दैन)

Kleptomaniac = चोरी गर्ने बानी The ambassador found kleptomaniac when he was caught for stealing a book (किताब चोरिएकोमा समातिएपछि मात्रै मानिसहरूले थाहा पाए कि राजदूतमा चोरी गर्ने बानी रहेछ भनेर)

Levee = ढुंगा वा माटोले बनाएको डिल As the flood was about to overflow the levee, people reinforced it with sandbags (जब बाढी बढेर डिल पनि नाघ्न लाग्यो तब जनताले बालुवाको बोरा थपेर डिललाई बलियो बनाए)

Metamorphosis = रुप बदलिने The metamorphosis of caterpillar to butterfly is a typical in animal life (झुसिलकिराबाट पुतलीमा रुप बदलिने कुरा प्राणी जगतको एक अनौठो कुरा हो)

Niggle = अर्थ न बर्थको कुरामा समय खेरा फाल्ने If we niggling we may not be able to arrive at consensus -अर्थ न बर्थको कुरामा समय खेरा फाल्ने हो भने हामी सहमतिमा आइपुग्न सक्नेछैनौं)

Opprobrium = सार्वजनिक रुपमा गरिएको बेइज्जती । लान्छना As he always relies on record, he did not feel like defending himself against the opprobrium made by the newspapers (तथ्यलाई मात्र आधार मान्ने हुँदा पत्रपत्रिकाहरूले उनीमाथि लगाएको लान्छनाबाट आफूलाई सुरक्षित पार्नुपर्ने दरकार उनले महसुस गरेनन्)

Perennial = सदावहार । लामो समयसम्म टिक्ने The pumpkin plants are not perennials (फर्सिको बोट (लहरा) हरू धेरै लामो समयसम्म टिक्दैनन् सिजन सक्नासाथ मर्दछन् )

Quisling = शत्रुका समर्थक । धोकेवाज Quisling such as Mirjaffar helped found British Company Government in India (मीरजाफर जस्तो धोकेबाजले भारतमा ब्रिटिस कम्पनी सरकार स्थापना गर्न मद्दत गरे)

# टुँडिखेलमा विशाल नेपालको प्रदर्शन

काठमाडौं । भारतले नेपालमाथि गरिरहेको सीमा अतिक्रमण बन्द गराउन तथा सुगौली सन्धिमा हडपेको विशाल नेपालको भूभाग पुनः नेपालले फिर्ता पाउनुपर्छ भनेर माग राख्ने देशभक्त समूहहरुको जमात दिनानुदिन बढिरहेको छ । 'सचेत देशभक्त मञ्च' नामको संस्था पनि राष्ट्रियताको लागि सडकमा उत्रिने भएको छ । उक्त मञ्चका अध्यक्ष रोहित मगरले एक अपिल प्रकाशित गरी चैत २४ गते टुँडिखेलमा विशाल नेपालको पक्षमा प्रदर्शन गर्ने जानकारी गराएका छन् । सचेत देशभक्त मञ्चको अपिलमा भनिएको छ- 'नेपाल भारतबीचको सन् १९५० सन्धिको धारा ८ ले सुगौली सन्धि रद्द गरेको हुँदा ती सबै क्षेत्र भारतले नेपाललाई फिर्ता गर्नुपर्थ्यो । बरु उल्टै १,४७,१८१ वर्ग किमि क्षेत्रफल भएको स्वाधीन र सार्वभौम राष्ट्र नेपालको ७१ ठाउँको लगभग ६४००० हेक्टर भूभाग भारतले दादागिरी र बल मिच्याइँ तरिकाले अतिक्रमण गरिसकेको छ । अझै भारत नेपालको सिमानाको धेरै ठाउँको भूभाग हडप्ने तरखरमा छ । यस्तो जटिल परिवेशमा राष्ट्रिय एकता र राष्ट्रप्रेमीहरु एकीकृत भई अद्वितीय नमुना प्रदर्शन गर्नुपर्ने समयमा, व्यक्तिवादी र अवसरवादी पथतिर अग्रसर नेपाली जनता, त्यसमा पनि विशेषत युवापुस्ताहरुलाई विगतको विशाल नेपाल र आधुनिक नेपाल निर्माणमा पुर्खाहरुको योगदानबारे अवगत गराई राष्ट्रप्रतिको उत्तरदायित्व र जिम्मेवारी बोध गराउने महान उद्देश्य राखी सचेत देशभक्त मञ्चको आयोजनामा २०४७ चैत २४ गते शनिबार टुँडिखेलमा न्यूनतम एक लाख मानव सागरले विशाल नेपालको नक्सा बनाई गिनिजबुकमा वर्ल्ड रेकर्ड दर्ज गराउन गइरहेको जानकारी गराउँछौं ।

'इतिहास आफैं बन्दैन, सधैं बन्दैन र सबैको बन्दैन' भन्ने प्रख्यात भनाइलाई आत्मसात गर्दै, चैत २४ गते बन्न गइरहेको अद्वितीय इतिहास निर्माणको हिस्सा बन्नबाट नेपाली जनता चुक्यौं भने त्यस उप्रान्त राष्ट्रवादी र देशभक्तिको अलाप जप्नुको कुनै औचित्य र अर्थ नरहन सक्छ । यो ऐतिहासिक कार्यक्रम सचेत देशभक्त मञ्चको मात्र नठानी पौने तीन करोड नेपाली जनताले राष्ट्रकै इज्जत, प्रतिष्ठा र शानको विषय बनाउनुपर्छ । त्यस कार्यक्रमबाट नेपालको राष्ट्रिय स्वाभिमान र राष्ट्रिय स्वाधिनतामाथि धावा बोल्ने बाह्य राष्ट्रहरु र घरेलु विदेशी खेताला कारिन्दाहरुलाई अझै आवश्यक पर्दा राष्ट्रको खातिर नेपालीहरु एकीकृत हुन जान्छ र अझै प्रत्येक नेपालीको शरीरको नशा नशामा देशभक्तिपूर्ण रातो, तातो र आलो रगत बग्छ भन्ने धारिलो र चोटिलो उत्तर दिनुपर्नेछ । साथै विभाजित र विभक्त राष्ट्रप्रेमी देशभक्तहरुलाई संगठित गर्दै सम्पूर्ण नेपालीहरुको मनमस्तिष्कमा 'दल, वाद, जात, क्षेत्र र गोत्रभन्दा माथि उही राष्ट्र पहिलो' भन्ने देशभक्तिपूर्ण भावनाको पुनः बिजारोपण गराउनुपर्नेछ । यो कार्यक्रम सचेत देशभक्त मञ्चको सुरुवात मात्र हो अन्त्य होइन । यसर्थ आजैबाट हेक्का राखौं २०७४ चैत २४ गते टुँडिखेलमा एक लाख मानव सागरले विशाल नेपालको नक्सा बनाउने ऐतिहासिक कार्यक्रमलाई अत्यधिक सफल तुल्याउन राष्ट्रप्रेमी, देशभक्त, विद्यार्थी, युवा, मजदुर, किसान, पत्रकार, बौद्धिक तथा बुद्धिजीवी वर्गलगायत सम्पूर्ण नेपाली जनताहरुलाई उपस्थितिका लागि हार्दिक अपिल गर्दछौं ।

# Come बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Income = आय To pay income tax is the duty of every citizen आयकर तिर्नु हरेक नागरिकको कर्तब्य हो ।

Outcome = नतिजा The outcome of the meeting was satisafactory बैठकको नतिजा सन्तोषजनक नै थियो ।

Upcoming = सतहमा वा माथि आइरहेको Environmental degradation is an upcoming issue वातावरण विनाश अहिलेको माथि आइरहेको मुद्दा हो ।

Become = हुनु । बन्नु He struggled a lot to become a doctor डाक्टर बन्नका लागि उसले ठूलै संघर्ष गर्‍यो ।

Forthcoming = छिट्टै आउने Our forthcoming activity is a picnic अब छिट्टै आउने कार्यक्रम भनेको हाम्रो पिकनिक हो ।

Comeback = पुरानै अवस्थामा आउनु After five years of hardship he made a successful comeback पाँच वर्षको अथक प्रयासपछि ऊ पुरानै अवस्थामा फर्कन सफल भयो ।

Comeover = बसाइँ सर्न After living 2o years in Berlin his family made a comeover to London बर्लिनमा २० वर्ष बसेपछि उसको परिवार लण्डनमा बसाइँ सर्‍यो ।

Come down = महत्व घटनु । ह्रास आउनु Having to work as a shop keeper is a come down in his personality पसलेको रुपमा काम गर्नु भनेको उसको व्यक्तित्वमा आएको ह्रास हो ।

Come hither = लोभ्याउने She always makes a come hither look उनी सधैं अरुलाई लोभ्याउने पाराले हेर्छिन् ।


## सुडोकु-अंक ९४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | ५ | | |
| ३ | | | ७ | | ९ | | | १ |
| | | ६ | | | | ४ | | |
| | | २ | ८ | | ६ | ३ | | |
| ६ | | | १ | | ४ | | | ५ |
| | | ९ | २ | | ७ | १ | | |
| | | १ | | | | ७ | | |
| ४ | | | ५ | | ३ | | | ८ |
| | ६ | | | | | | ९ | |

## अंक ९३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ६ | ९ | ३ | ८ | १ | ४ | ५ | २ |
| २ | ४ | ३ | ७ | ५ | ९ | ८ | ६ | १ |
| ८ | ५ | १ | २ | ६ | ४ | ९ | ७ | ३ |
| १ | ७ | ६ | ८ | ४ | ५ | ३ | २ | ९ |
| ९ | ८ | ४ | ६ | ३ | २ | ७ | १ | ५ |
| ५ | ३ | २ | १ | ९ | ७ | ६ | ८ | ४ |
| ६ | २ | ८ | ९ | १ | ३ | ५ | ४ | ७ |
| ४ | ९ | ७ | ५ | २ | ६ | १ | ३ | ८ |
| ३ | १ | ५ | ४ | ७ | ८ | २ | ९ | ६ |

# महिला तालिम र किशोरकिशोरीहरुको क्षमता अभिवृद्धि तालिमका झलक


















## महिला दिदीबहिनीहरूलाई व्यवसायिक तालिम

बाल विकास समाजको आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा संचालित "नेपालमा रहेका ईट्टाउद्योगमा कार्यरत बालबालिकाहरूको संरक्षण" परियोजना अन्तर्गत काभ्रे जिल्लाको रोशी गाउँपालिकामा वडा नम्बर २ स्थित स्वरोजगार शिक्षा कक्षाका महिला दिदीवहिनीहरूका लागि कृषी व्यवसाय तालिम सञ्चालन गरिएको छ । उक्त तालिम चन्डी महिला समूहका दिदी वहिनीहरूको सहभागिता रहेको थियो । तालिम पशु र कृषि व्यवसायका बारेमा व्यपक छलफल गराइएको थियो । तालिम भीमसेन बोहोरा, जयराम गौतम, बाल संरक्षण संयोजक दावा तामाङको सहजिकरणमा सम्पन्न भएको थियो । बाल विकास समाजले ईँटाभट्टाामा अभिभावक काममा जाँदा बालबालिकाहरू पनि सँगै जाने हुनाले उनीहरूको संरक्षण आवश्यक रहेको कुरा तालिममा छलफल भएको थियो । उनीहरू भट्टामा गए पछि पडाइ छोड्ने क्रम बडेको र उनीहरूको भविश्य नै अन्योलमा पर्ने कुरामा दुईमत छैन । त्यसकारण उनीहरूका लागि विशेषगरी संरक्षणको सवालमा छलफल गर्नुपर्ने भएको हुँदा सोही अनुसार छलफल अगाडी बढाइएको थियो । खासगरी महिला दिदीवहिनीहरूलाई आफ्ना बालबालिकाहरूको शिक्षा, स्वास्थ्य तथा पोषणका बारेमा जान्न आवश्यक रहेको कुरा पनि उक्त छलफलमा महसुश गराएको थियो । त्यसैगरी पशु पालन गरी व्यवसायिकरण गरेको अवस्थामा महिलाहरूको जीवनस्तर सुधारमा सहयोग पुग्ने कुरामा पनि विश्लेषण गरिएको थियो । कृषिमा लगानी गरी व्यवसायिकरण गर्न आवश्यक रहेको कुरालाई पनि छलफलमा उठान गरिएको थियो । सहभागीहरूले सोही अनुरसार तालिममा जिज्ञासाहरू राखेका थिए । यस किसिमको तालिमबाट सहभागीहरूलाई थप चेतना हुने र आफ्ना बालबालिकाहरूको संरक्षणमा विशेष ध्यान पुर्याउनमा पनि थप सहयोग पुग्ने देखिन्छ । महिला दिदीवहिनीहरू सक्षम र सबल भएको अवस्थामा बालबालिकाहरूलाई हरेक कुरामा सहज हुने देखिन्छ ।

## छैटौं चरणको क्षमता अभिवृद्धि तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरूलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिंसा तथा महिला हिंसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरू सहभागी हुने गर्दछन् । यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माद्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरूका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो । उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सीप तालिम सञ्चालन गरिएको हो । तालिममा जीवन उपयोगी सीपका फरक फरक विषयका बारेमा हरेक हप्ता सञ्चालन गरिन्छ ।

तालिममा तालिममा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रूपमा सहभागी हुने कुरा विद्यार्थीहरूले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरूद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरूका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरूले बताएका थिए । दौतरीको माध्यमबाट बालबालिकाहरूलाई चेतनशिल बनाउने राम्रो कार्यको रूपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रूपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरूलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ ।

बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका तालिम अधिकृतको सहजीकरणमा सञ्चालित तालिम अहिले छैटौं हप्ता सम्पन्न भएको छ । तालिममा तनाव व्यवस्थापन तथा निर्णय गर्ने सीपको बारेमा दिइएको थियो ।

**प्रस्तुति : गोविन्द वि क**

## सरुवामा...

अहिले विभागमा दरबन्दीभन्दा १६ जना बढी कर्मचारी छन् । उनीहरु सामान्य प्रशासन मन्त्रालयले गरेको सरुवा नै रद्द गरेर बसेका छन् । सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा खटाएका कर्मचारीलाई श्रम मन्त्रालयले काजमा राखेको थियो । खटाएको स्थानीय तहमा अनिवार्य रुपमा जानुपरेमा अटेर गरी रमानापत्र समेत नुबुझी कर्मचारीलाई श्रम मन्त्रालयले काजमा तानेर सामान्य प्रशासनको अधिकारमाथि नै चुनौती दिएको थियो ।

## माले...




चर्चा गर्दै महासचिव मैनालीले मधेसी नेताहरु नेपालमा दुईवटा राष्ट्रियता रहेको भन्दै जाली कुरा गर्छन् र केही विदेशमुखी मार्क्सवादी, लेनिनवादी, माओवादीहरु नेपाललाई बहुराष्ट्रिय मुलुक भन्छन् । यो सबै गलत हो । हाम्रो एकता, अखण्डता र स्वतन्त्रतालाई कमजोर पार्ने खालको मार्क्सवादको व्याख्या र राष्ट्रियताको व्याख्या विल्कुलै गलत र अनुचित हो भन्दै मैनालीले देशको सभ्यता, संस्कृतिसँग मिल्ने मार्क्सवाद लागू भएमा मात्र मार्क्सवादको कलमी राम्रोसँग सर्छ भन्नुभयो ।

हाम्रा मार्क्सवाद लागू गर्ने अभियन्ताहरुमा मार्क्सवाद खोज्दै डा. केशरजंग रायमाझी दरबार पुगे, मदन भण्डारी मार्क्सवाद खोज्दै पुँजीवादीको काखमा पुगे र प्रचण्ड बाबुराम मार्क्सवाद खोज्दै भारतीय विस्तारवादीका काखमा पुगे भन्दै महासचिव मैनालीले हामी सही मार्क्सवादको प्रयोग गर्न खोज्नेहरु अल्पमतमा पऱ्यौं, उनीहरुको बढ्दो हावाहुरीले हाम्रो जहाज डगमगायो भन्नुभयो ।

त्यसैगरी उहाँले विस्तारवादीका दलालहरुले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई अनुचित ढंगले व्याख्या गरेको प्रति आपत्ति प्रकट गर्दै पृथ्वीनारायण शाहले तत्कालीन अवस्थामा देश, काल, परिस्थिति अनुसारको सही निर्णय गरी नेपाल एकीकरण गरेको बताउनुभयो । देशको सुरक्षा, विकास र एकता हुने गरी संघीयताको अभ्यास भयो भने त्यो राम्रो हुन्छ, जातीय राज्य खडा गर्न खोज्दा त्यसले राष्ट्रिय एकता सुदृढ हुन सक्दैन भन्नुभयो ।

त्यसैगरी भाषाका सम्बन्धमा महासचिव मैनालीले हिन्दी भाषा नेपालको होइन । हिन्दी सिरियल हेर्ने, भारतबाट आउने बुहारीले बोल्ने र हाम्रो छिमेकी देशमा बोलिने भाषा मात्र हो, नेपालका कुनै जातिको राष्ट्रभाषा होइन । हिन्दी भाषालाई सम्पर्क भाषा बनाएर मैथिली, अवधि, भोजपुरी भाषालाई विस्थापित गर्ने षड्यन्त्र भएकाले त्यो कसैलाई मान्य नहुने उहाँले स्पष्ट पार्नुभयो ।

भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीले सन् १९७५ देखि नै नेपाल टुक्र्याउने षड्यन्त्र गरेको आर.के.यादवको पुस्तकमा समेत उल्लेख भएको र त्यसको तुष बाँकी नै रहेकाले तराईमा ठूलै ग्रान्ड डिजाइनका साथ हिन्दी भाषा लाद्ने प्रयास भइरहेको मैनालीले प्रस्ट पार्नुभयो । संविधानमा लेखेर स्पष्ट पहिचान दिँदा एक मधेस प्रदेशको मुद्दा तुहिने भएकाले केपी ओलीले समेत किास दिन नखोजेको विषय चर्चा गर्दै महासचिव मैनालीले मधेसवादी दललाई सरकारमा ल्याउँदैमा समस्या समाधान नहुने बताउनुभयो । तराई मधेसका समस्या सही ढंगले हल गर्ने भूमिकाबाट केपी भागिरहेको आरोप पनि उहाँले लगाउनुभयो ।

त्यसैगरी उहाँले वाम गठबन्धनका बारेमा चर्चा गर्दै गठबन्धनका दुवै नेता निष्ठावान भए गठबन्धन टिक्ने थियो तर प्रचण्डको अस्थिरता र केपीको दम्भले गठबन्धन लामो नटिक्ने बताउनुभयो । एक अर्कालाई राष्ट्रघाती भन्नेहरुबीचको वाम गठबन्धन अहंकारी गठबन्धन भएको निक्यौंल उहाँले सुनाउनुभयो । उहाँले सरकारलाई हेर्ने दृष्टिकोणका सम्बन्धमा चर्चा गर्दै पारदर्शी र सही कामको समर्थन गर्छौं, गलत कामको विरोध गर्छौं भन्नुभयो । हामी हिजो सत्ताको सानातिना अल्झनमा भुल्यौं र जनताको काम राम्ररी गर्न सकेनौं । अहिले हामी बाँड्ने ठाउँमा छैनौं । त्यसैले हामी बाँड्ने ठाउँमा हुनेको काम हेरेर जनताको आँखा खुलाउने काम गर्छौं । तलदेखि माथिसम्म खबरदारी गर्ने रचनात्मक प्रतिपक्षको भूमिकामा हुने छौं भन्नुभयो । उहाँले हामी अब उठ्नेछौं भन्दै सम्पूर्ण नेता, कार्यकर्तालाई जनकार्यमा लाग्न निर्देशन दिनुभयो । महासचिव मैनालीले सफल रुपमा कार्यक्रम आयोजना गरेकोमा आयोजक कमिटीलाई धन्यवाद दिनुभएको थियो ।

कार्यक्रममा अनेरास्ववियु पाँचौंका अध्यक्ष घनश्याम मिश्र, प्रगतिशील युवा संघका सचिवालय सदस्य वसन्त पाण्डे, अखिल भारतीय प्रवासी नेपाली संघ सातौं सम्मेलन आयोजक समितिका एचबी पौडेल, पुष्पलाल खेलकुद स्मृति प्रतिष्ठान नेपालका अध्यक्ष शंकर पोखरेल, प्रगतिशील नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष केदार गिरी, अखिल नेपाल प्रगतिशील महिला संघकी अध्यक्ष निलम केसी, प्रदेश नं. ५ का सचिव चन्द्रकान्ता आचार्यलगायतले अधिवेशन सफलताको कामना गर्दै शुभकामना मन्तव्य प्रस्तुत गर्नुभएको थियो । कलाकार वसन्ती मगरको स्वागत गीत तथा जनकल्याण युवा क्लबका कलाकारहरुको टप्का लगायतका सांस्कृतिक नृत्यको प्रस्तुतिले कार्यक्रममा छुट्टै रौनकता थपेको थियो ।

पार्टीका पोलिटब्युरो सदस्य तथा पाँच नं. प्रदेश इन्चार्ज गोविन्द केकेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेत्र पाण्डेले स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम माधव केसीले सञ्चालन गर्नुभएको थियो । महासचिव सीपी मैनालीद्वारा मैनबत्ती प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको समारोहमा सहिदहरुप्रति मौन धारण गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो । समारोहमा पार्टी स्थायी समिति सदस्य कुमार वेलबासे, पोलिटब्युरो सदस्यहरु खगेन्द्र प्रसाईं, निलम केसी, दिनानाथ घिमिरे, जनक चालिसे, कृष्ण राना, सुरेन्द्र ढकाल, कुमार श्रेष्ठ, वैकल्पिक पोलिटब्युरो सदस्य चन्द्रकान्ता आचार्य र सल्लाहकारहरुले मञ्चमा अतिथिको आसनग्रहण गर्नुभएको थियो । उद्घाटन सत्रको समापनमा आयोजक समितिका तर्फबाट महेन्द्र शाहले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

राष्ट्रिय परिषद् अधिवेशनको बन्दसत्र घोराहीमा सम्पन्न भएको थियो । महासचिव सीपी मैनालीको अध्यक्षतामा सम्पन्न बन्दसत्रको सुरुवात पोलिटब्युरो सदस्य कृष्ण रानाको अगुवाइमा प्रस्तुत अन्तर्राष्ट्रिय गीतबाट गरिएको थियो । बन्दसत्रमा अनेरास्ववियु (पाँचौं) का तर्फबाट प्रतिनिधि पर्यवेक्षकहरुलाई डायरी र कलम उपहार प्रदान गरिएको थियो । प्रदेश नं. ३ का तर्फबाट कालो भादगाउँले टोपी र नेपाली ढाकाको सल उपहार प्रदान गरिएको थियो ।

चैत २ र ३ गते दुई दिनसम्म चलेको बन्दसत्रमा महासचिव मैनालीद्वारा प्रस्तुत प्रतिवेदनमा सहभागीलाई पाँच समूहमा विभाजन गरी समूहगत छलफल चलाएर सुझाव संकलन गरिएको थियो । त्यसैगरी सातै प्रदेशबाट सहभागीलाई छुट्टछुट्टै छलफल गराई पार्टी विस्तारका लागि विशेष पकेट एरियाहरुको छनोट गरिएको थियो । सबै प्रदेशका पार्टी सचिवहरुको प्रतिवेदनमाथिको समीक्षा गर्नुका साथै पार्टीलाई अघि बढाउने रणनीतिहरु पारित गरिएको थियो । बन्दसत्रको अन्त्यमा परिषद् अधिवेशनले केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरुमा महत्वपूर्ण प्रस्तावहरु पारित गरेको थियो । प्रस्तावहरुमा बंगलादेशी विमान दुर्घटनामा मृत्यु हुनेहरुलाई श्रद्धाञ्जली दिँदै घाइतेको उपचार र उचित क्षतिपूर्तिको माग, नेपाली राष्ट्रिय क्रिकेट टिमले एक दिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएकोमा बधाई ज्ञापन, बढ्दो महँगी, भ्रष्टाचारी, कालाबजारी, अनियमितताले जनता आक्रान्त भएको प्रति विरोध गर्दै सरकारको ध्यानाकर्षण, भूकम्प पीडितको पुनःनिर्माणमा भएको ढिलाइप्रति आपत्ति जनाउँदै सरकारको ध्यानाकर्षण, राष्ट्रिय गौरवका विभिन्न आयोजनाहरु निर्माणमा भएको भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको विरोध गर्दै विकास निर्माणका आयोजना निर्धारित समयमा सम्पन्न गराउन ध्यानाकर्षण, महिला बालबालिकामाथि भइरहेका हिंसा, बलात्कार र सबैखाले अपराधका विरुद्ध ध्यानाकर्षण गराउँदै कडा दण्ड सजायको माग, सीमा अतिक्रमण रोक्न र खुला सीमाको उचित व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षणलगायत राष्ट्रिय महत्वका विषयका प्रस्तावहरु पारित भएका छन् । यसैगरी सिरियामा भइरहेको नरसंहारको विरोध तथा भर्त्सना गर्दै युद्धरत पक्षहरुसँग तत्काल युद्ध रोक्न ध्यानाकर्षण गराउने,उत्तर कोरियामा अमेरिकी नेतृत्वमा भइरहेको नाकाबन्दी तत्काल खारेज गरी कोरियाली प्रायद्वीपमा स्थायी शान्तिको बहाली लगायतका अन्तर्राष्ट्रिय प्रस्तावहरु पारित गरिएका थिए । कार्यक्रमको समापनपछि हलमै पत्रकार सम्मेलनको आयोजना गरिएको थियो ।

नियात्रा — **खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-१८

भूषण नामको मानिससंग पैसा छैन र मोवाइलमा पैसा सकियो रे । मोवाइल चाहियो भने र फोन आयो त्यसै काममा गएका छन् ।

असिम पनि आइ पुगे । बजारबाट वासस्थान नजिकै छ । पुऱ्याउनु सामान असिम बसपार्क भेट गर्ने गरी गए । केही पछनमा असिम आइपुगे । हिडेर नै केही ठाउँ घुम्ने रहरमा सडक बाहिरको भित्री बाटोबाट प्लमस्टीड पुगियो । त्यहाँ सार्वजनिक शौचालय रहेनछ । घुम्दै अघि बढियो । नेपाली युवायुवती यतातिर पनि प्रशस्तै छन् । साइवर क्याफेमा बाक्ला खालका ज्यान भएका व्यक्तिहरु मंगोलियन ढप भएका र स्वरुपका व्यक्तिहरु छन् । सायद नेपालमा भएका जहान परिवार या आफन्तजनलाई खबर पठाउँदै होलान । अल इण्डिया रेडियोमा पल्लाघरका साइला माइलीलाई पनि माया छ रे भनिदिनु, बाबु आमालाई राम राम छ । श्रमितीलाई सेवा ढोग भनेर घरमा खबर पठाउने मेरो गोर्खाली मित्रहरुलाई पनि संझे ।

एउटा मिनीबस जत्रै गाडीले यिनै भूतपूर्व लाउरेहरुलाई प्लमष्टिडबाट उठायो । सायद यो मित्रहरु कुनै कम्पनीमा सुरक्षा सेवाम काम गर्दा हुनन । सोध्दै अघि बढ्दै गयौ । यस क्षेत्रमा पैदल यात्रामा मेरो निजी स्वार्थ थियो । म आफैले गाउँमा पठाएका दुइ जना युवाहरु पनि पेन्सन पकाएर यतै बसाइ सरेर आउका छन् रे । यसो नजर घुमाउ । चिनेका अनुहार देखिएन । मनलाई भारी बनाएर अघि बढ्दै छौ । प्लमष्टिडको अति टाडा खण्डमा पुगि सकियो । श्रावणको सोमबार पनि परेछ । मन्दिर नजिकै रहेछ । मन्दिर जाने विचारमा अघि बढियो । मन्दिर अलि ओरालो ठाउँमा रहेछ । पुग्नै लागेको बेलामा एउटा गाडी नजिकै आयो र अडियो । दुईटा टिम एजर बचचाहरु निस्केर बाटो काट्नै लाग्दा दाइने तिरको घरबाट ती दुई जवान केटाहरुलाई हेर्दै गरेकी एउटा नेपाली महिला देखिइन । उमाजीहरु अघि बढिसकेका थिए । ए उमा ! सुमना पो रहिछिन् । उमाजी त्यतै फिरिन ? चिनजान गरिरहन नपर्ने । उमाजीको मामाकी नातिनी/हामी आफैले केटो खोजेर विहा गरिदिएको छोरी पो भेटिइन् ?

सुमनासंग यहाँ आउने वित्तिकै फोनमा कुरा भएको थियो शहरबाट धेरै टाडा । अढाइ घण्टा ड्राइभमा मात्र पुगिने । दिदै अंजनाको घरमा आउकी रहिछिन् । अघिल्लो दिन आएर एक रात यतै विताएको रे । त्यति टाडाबाट छोराले गाडी लिएर आएछ । छोराले नै गाडी हाँकेर आमालाई लिएर गयो । अंजना भने ग्रिन बिच हिन्दु मन्दिर नजिकैको ३० नम्बरको घरमा दुइटा छोरा र बुढासंग बस्दै नि् । राष्ट्रिय वाणिज्य बैंकको जागिर राजिनामा गरेर यतै बेलायतमा बस्दै छन् । बुढाको राम्रै जागिर होला ।

चिया पकाउँदै गर्ने सल्लाहमा हामी मन्दिर तर्फ लाग्यौ । मन्दिर गइयो । बाहिरै जुत्ता खोल्ने व्यवस्था । ऱ्याकमा जुत्ता राखेर हात धोएर मन्दिर तिर पाइला बढाइयो । एक जना नेपाली नानीलाई बाटैमा भेटिएको थियो । ध्यान जान सकेनछ । सिधै रामजीका परिवारमा प्रणाम चढाइयो । वीच भागमा विष्णु भगवानका परिवार रहेछन् । शान्तकारंका पाठ संगै प्रणाम टक्याइयो । देवादी देव महादेव अलि पर दाइने कुवामा उक्लै विराजमान रहेछन् । नमस्ते देव देवाय नमः कैलाश बासिनी भन्दै आफ्नो आदरभाव व्यक्त गरियो । बाहिर निस्कने क्रम पंडितजी पुजारीका हातको टिका प्रसाद लिन अघि बढियो । प्रणाम गुरुदेव को आदरभाव व्यक्तगर्दा उनैले पो नेपाली भाषामा कहाँ कति दिन भन्ने सोधनी भयो । सोधी खोजिमा झापा चारपाते बेलवारीका लुइटेल वाहुन हुनु हुँदो रहेछ । रोहिणी विलास लुइटेल मलाई असाध्यै आदरभाव राख्ने गुरु हुन हुन्थ्यो साथी हुनु हुन्थ्यो । उनैका भतिज कमल लुइटेल रहेछन् । प्रसाद लड्डु



सेतो प्लाष्टिकमा हालेर दिनु भयो । कसैलाई स्याउ दिनु भयो । हामी जुत्ता लगाउने तर्खर माथि बाटैमा भेटिएका नानी छेउ छेउ मै आइन । अनि नानी तिमी कोहौ भनी सोधेको त उनैले पो मेरो नाम कडेर ठूला बुबा हो भनिन् । भाइ चुढामणिकी छोरी कंचन पो रहिछिन् । छोरो एक महिनानको भएछ । मन्दिर घुमाउन ल्याएको निराजन नामका व्यक्ति श्रीमान रहेछन् । यस अघि भेटेको थिएन । काठमाण्डौमा नै खेमले कंचना र विष्णुकी छोरी पनि बेलायतमा भएको खबर गरेका थिए । मौकाले कंचनासंग भेट भयो । विष्णुकी छोरीको विषयमा सोध्न नै म्याइएन । अंजनाको निस्कनु पर्ने भएकाले कंचनाकामा जान भ्याइएन अंजनाका घरमा पसियो । सरिफा काटेको रहेछ । खाइयो । एकछिन बस्दा बस्दै साँझ पर्न लाग्यो । विदावरी भएर आफ्नो वासस्थान तिर लाग्ने बाटो नाप्दै प्लमष्टिड बुलिच आर्सनलको बाटोबाट आइयो । *(क्रमशः)*

## कृषिमा...

पेसाबाट लगानी नउठ्ने गरेको किसानहरुको भनाइ छ । अधिकांश जसो युवा जनशक्ति विदेशिएकाले गाउँघरमा कृषि श्रमिकको पनि अभाव छ र उपलब्ध मजदुरको ज्याला पनि कृषिले धान्न नसक्ने अवस्था उत्पन्न भएको छ ।

सरकारले कृषि क्षेत्रको विकासका लागि सरल बैंक ऋण लगायतका कार्यक्रम अघि सारे पनि लक्षित वर्ग लाभान्वित हुन सकेका छैनन् । बरु झोलामा कृषि फर्म बोकेर हिँड्नेहरु नै कृषि ऋणबाट मालामाल बन्ने गरेका छन् । वास्तविक किसानसम्म सरकारी संयन्त्रको पहुँच पुगेमा मात्र सरकारी कार्यक्रमबाट किसानले लाभ लिन सक्छन् । कृषि उत्पादनको आयातले पनि व्यापारघाटा चुल्याउने गरेको छ । अहिले ७ रुपैयाँको निर्यात गर्दा ९३ रुपैयाँको आयात गर्ने अवस्था छ । त्यसमा कृषि क्षेत्रले पनि ठूलो हिस्सा ओगटेको छ । गत महिना मात्र कृषिजन्य वस्तुको आयात ११.४३ प्रतिशतले बढेको छ । खाद्यान्न, मासुजन्य खसी बोका, राँगा, माछा, फलफूल, तरकारी सबै विदेशको भर पर्नुपर्ने अवस्था छ । पर्याप्त जग्गा, जमिन र सम्भावना हुँदाहुँदै पनि सरकारको गलत रवैयाका कारण कृषि उत्पादन आयात गरेर खाने अवस्थामा हामी पुगेका छौं । कृषि प्रधान देश भन्न लाज हुने अवस्था छ । त्यसैले साँच्चीकै मन्त्रीले भनेझैं तीन वर्षमा आत्मनिर्भर र ५ वर्षमा लगानी गर्ने अवस्थामा पुग्न सरकारले यस क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने हुन्छ । वैज्ञानिक ढंगको कृषि प्रणाली सुरुवात गरेमा कृषिबाटै हामी आत्मनिर्भर र धनी बन्न सक्छौं ।

## अब विदेशबाटै...

रोजगारका क्रममा विदेशमा रहेका नेपाली कामदारहरुको मतदानको हक सुनिश्चित गर्न र सो को लागि मुलुक बाहिरबाट समेत मतदान गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नुपर्ने लगायतको माग लिएर सामाजिक न्यायको लागि कानुन तथा नीति नियम मञ्चले सर्वोच्च अदालतमा मिति २०७३ वैशाख १४ गते दायर गरिएको रिट निवेदनमा आज कामदारको हकमा निर्देशनात्मक अदेश जारी भएको हो ।

## उपद्रो मच्चाउने...

अवमूल्यन गरेको जनाएको छ । नेपालको राजनीतिक विषयलाई अनावश्यक रुपमा ईयुले उचालेको विज्ञप्तिमा उल्लेख छ । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले ईयुको प्रतिवेदनप्रति आपत्ति जनाउँदै भनेका छन्- 'एउटा विदेशी नियोगले नेपालको कुनै जाति विशेषलाई आरक्षण नदिनु भन्ने आपत्तिजनक उर्दी जारी गरेको सुनियो । हामी नेपाली जनता स्वयंले बनाएको संविधानमा कतै आरक्षण शब्द नै छैन । त्यहाँ समानुपातिक समावेशी प्रतिनिधित्व मात्र छ, जुन विलकुल सही छ ।

राप्रपा अध्यक्ष कमल थापाले 'नेपाली जनताका बीचमा विवाद र विभाजनको बिउ रोप्ने यस्ता कार्य नगर्न परराष्ट्र मन्त्रालयले सचेत गराउनुपर्छ भनेका छन् ।

## गर्मी मौसम...

क्षण वा घण्टाभित्रै पेट दुखाइसहित वाकवाकी, झाडापखाला र वान्तासमेत हुँदै शरीर शिथिल र कमजोर बन्छ । इन्टरनल मेडिसिन विभागका डा. प्रमोदका अनुसार यस्तो अवस्थामा विभिन्न प्रकारका विषाणु, जीवाणु, परजीवि, किटनाशक औषधिहरु तथा अन्य अखाद्य पदार्थहरु मिसिएका खानेकुराहरु अन्जानमा खाइएको वा पिइएको हुन सक्छ । यतिबेला सुक्ष्म जीवाणुले आन्द्रामा असर गर्ने भएको हुँदा पाचन प्रणालीसम्बन्धी समस्याहरु देखा पर्दछन् र यसलाई हामी food borne या नि खानाबाट सर्ने रोग भनेर पनि भन्दछौ ।

**के हुन सक्छन् कारणहरु ?**

खाद्य विषाक्त अवस्थाका कारणहरुमा विभिन्न प्रकारका विषाणुहरु, जिवणुहरु, परजीविहरु, फंगस साथै खाद्य पदार्थ उत्पादन, प्रसोधन र भण्डारणका क्रममा प्रयोग भएका औषधिहरु पर्छन् । डा.साहका अनुसार सागसब्जी तथा फलफूल नपखाली प्रयोग हुनु । अहिलेको प्रदूषित वातावरणमा असुरक्षित रहेका मिठाई,मासु तथा अन्य खाद्यपदार्थको प्रयोग हुनु । व्यक्तिगत सरसफाइमा कमिका कारण ई.कोलि, कल्सटेडियम, क्यम्फाइलो ब्याक्टर, जाइडिया लाम्बिया, सालमोनेला, रोटा भाइरस इत्यादिले शरीरमा प्रश्रय पाउनु नै हो ।

**कसरी थाहा पाउने फुड पोइजनिङ ?**

यो हुने कारणहरु अनुसार नै विभिन्न प्रकारका लक्षण तथा चिन्हहरु देखा पर्छन् । के मा, कुन पदार्थमा मिसावट भयो ? कुन जीवाणु र विषाणु को संक्रमण भयो भन्नेकै आधारमा यसको लक्षण तथा चिन्हहरु र गाम्भीर्यता देखा पर्छ । सामान्यतया यसमा निम्नानुसारका लक्षण तथा चिन्हहरु देखा पर्छन् । वाकवाकी लाग्नु, पेटमा असजिलो हुँदै पेट दुखाई समेत हुन थाल्नु, मन्द ज्वरो आउनु, वान्ता हुनु, टाउको दुख्नु, शरीर गलेको महसुस, कमजोरी या थकान महसुस हुनु, पेट पोल्नु, पेट ढाडिएको तथा फुलेको जस्तो लाग्न, नानीहरुले खाना खान नमान्नु, कहिलेकाहीँ वान्ता तथा पखाला एकै पटक हुँदै ज्वरो समेत आउनु । यिनै लक्षण तथा चिन्हहरु बढ्दै गएर फुड पोइजनिङमा वृद्धवृदा तथा बालबालिका र गर्भवतिहरुलाई त झनै बढी जटिलता ल्याउने गर्छ ।

**रोकथाम तथा नियन्त्रण**

यो गर्मी र सुख्खा मौसममा बजारका फलफूल, सागसब्जी तथा माछामासु इत्यादि खरिद गर्दा खुला राखेको, धेरै दिनसम्म औषधि प्रयोग गरिराखेको, झिँगा भन्किएको छ भने खरिद नगर्ने अथवा यस्ता खानेकुराहरु मुखमा हाल्नुअघि आफ्ना लागि कति सुरक्षित छ छैन यकिन गर्ने । सडेगलेका शंका लाग्ने खानेकुराहरु, बजारका रंगिन मिठाइहरु, खुल्ला रुपमा राखिएका मसालेदार फास्टफुडहरु तथा तासेर खुल्ला राखिएका उसिनेका अन्डा, राम्रो नपकाइएका मासु तथा नपोलिएको सेकुवा इत्यादिमा सूक्ष्म जीवाणुहरुको संक्रमण हुन सक्छ । त्यसकारण यस्ता खानेकुरा प्रयोग यो मौसमा निरुत्साहित गर्ने । गाईबस्तु, भेडाबाख्रा, सुंगुर बगुंर पालन र कुखुरा पालनबाट निस्किएको मलमुत्र प्रयोग गरी उत्पादित सागसब्जी, गाजर,मूला, आलु इत्यादि राम्रो पानीले पखालेर मात्र बजार लाने या प्रयोग गर्ने । खाद्यबस्तु उत्पादन, प्रसोधन र भण्डारण प्रकियामा औषधिजन्य पदार्थको प्रयोग निरुत्साहित गर्ने, व्यक्तिगत आचरणमा सुधार जस्तै खानाअघि र फोहोर ठाउँमा गएर आएपश्चात् साबुनपानीले हात धुने, सागसब्जी काटेर पखाल्ने हैन पखालेर मात्र काट्ने या प्रयोग गर्ने, व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ पानीको मुहान (ईनार, कुवा, धारा, कल, खोला) को सरसफाइ र सुरक्षामा ध्यान दिने गर्दा धेरै हदसम्म फुड पोइजनिङको समस्याबाट बच्न सकिन्छ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा
इटालियन,
अंग्रेजी
र जर्मन भाषा
सिकी
आत्मनिर्भर
बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com